
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक ५६ | • २०८० साल असार ३० गते शनिबार (15 July, Saturday, 2023) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## झा भ्रष्टाचारी ठहर



**टुडे समाचारदाता**

काठमाण्डु । मालपोत कार्यालय धनुषाका तत्कालीन निमित्तप्रमुख (मालपोत अधिकृत) सुनिलकुमार झा भ्रष्टाचारी ठहर भएका छन् ।

विशेष अदालतले भ्रष्टाचार मुद्दामा झालाई दोषी ठहर गरेको छ। उनी पाँच लाख रुपैयाँ घुससहित पक्राउ परेका थिए ।

सेवाग्राहीलाई घुसका लागि घर नजिकैको भानु चोकमा बोलाएर रकम लिइरहेको अवस्थामा अख्तियारको टोलीले रकमसहित नियन्त्रणमा लिएको थियो।

विशेष अदालतका न्यायाधीश श्रीकान्त पौडेल र खुसीप्रसाद थारुको इजलासले झालाई शुक्रबार दोषी ठहर गरेको छ। उनको सजाय निर्धारण हुन भने बाँकी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ लाख घुसहित पक्राउ गरेपछि २०७९ वैशाख १६ गते उनी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। जग्गा सम्बन्धी हक सफा मुद्दामा फैसला गरिदिन्छु भन्दै सेवाग्राहीसँग ५ लाख घुस लिएको अख्तियारले प्रमाणसहित मुद्दा दर्ता गरेको थियो ।

झा निमित्त प्रमुख रहेको बेला मालपोत कार्यालय धनुषामा घुस लिने क्रम निकै बढेको थियो । घुसका लागि मध्यरातिसम्म मालपोत कार्यालय धनुषामा जग्गाको अवैध कारोबार हुने गरेको थियो ।

# जनकपुरधाम-जयनगर रेल सेवा विस्तार

## ५२ किलोमिटर लामो दूरीमा रेल गुड्ने, आइतबार उद्घाटन

टुडे समाचारदाता

जनकपुरधाम । जयनगर-जनकपुरधाम-कुर्था रेल सेवा विस्तार आइतबारदेखि हुने भएको छ । भारतको जयनगरदेखि जनकपुरधामको कुर्था हुँदै महोत्तरीको भंगहा नगरपालिकाको विजलपुरासम्म रेल सञ्चालन हुने भएको छ। झण्डै २४ वर्ष पूर्व महोत्तरी जिल्लाको बिग्ही नदीमा रहेको रेलको पुल बाढीमा क्षतिग्रस्त भएपछि सेवा बन्द भएको थियो । भारतमा शासक रहेको अंग्रेजले महोत्तरी जिल्लाको जंगलबाट साखुको काठ ढुवानीका लागि सञ्चालन गरेको रेल भारतको जयनगरदेखि महोत्तरीको बिजलपुरा सम्मको ५१ किलोमिटर दूरीमा सञ्चालन गरिएको थियो ।

रेल सेवा थप १७ किलोमिटर दूरीमा सञ्चालनका लागि शुभारम्भ गरिने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जनाएका छन् । उनका अनुसार रेल शुभारम्भको लागि नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला आउन लागेका छन् ।

सोमबारदेखि विजलपुरादेखि जयनगरसम्म रेल सेवा नियमित सञ्चालन हुने उनले बताए । जयनगरबाट जनकपुरधामको कुर्थासम्म गत ०७८ चैत २० गतेदेखि ३५ किलो मिटरमा रेल सञ्चालन हुँदै आएको छ । यसअघि न्यारोगेज रेल्वे पनि विजलपुरासम्म सञ्चालनमा थियो ।

कुर्था विजलपुरा खण्डमा रेल सेवा सञ्चालन भएपछि ब्रोडगेज रेलको लम्बाई ५२ किलोमिटर पुग्नेछन्। रेल्वे विजलपुरासम्म सञ्चालनमा आउने भएपछि सञ्चालनको समयमा हेरफेर भएको झाले बताए । अब महोत्तरीको बिजलपुराबाट विहान ७:३० बजे रेल जयनगरका लागि खुल्नेछ। जयनगर हुँदै जनकपुरधामबाट साँझमा बिजलपुराका लागि रेल्वे प्रस्थान हुनेछ। कुर्थादेखि बिजलपुरासम्म दुईवटा स्टेशन र दुईवटा हल्ट छन् ।

अहिले पुरानै जनशक्तिलाई व्यवस्थापन गरी सेवा विस्तार गरिएको उनले बताए। एक सय १४ जना नेपाली र २० जना भारतीय विभिन्न पदमा कार्यरत छन् । निर्माण कार्य सम्पन्न भएको कुर्थाबाट बिजलपुरासम्मको रेल्वे ट्र्याक गत जेठ १८ गते भारतीय रेल्वे कम्पनी इरकन इन्टरनेसनल कम्पनी लिमिटेडका महाप्रबन्धक दीपक कुमारले नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जकुमार झालाई हस्तान्तरण गरेका थिए। रेल्वे ट्र्याक निर्माण सम्पन्न भएर हस्तान्तरण भइसके पनि बिजलपुराबाट बर्दिबाससम्मको रेलमार्ग निर्माणमा जग्गा अधिग्रहणमा समस्या देखिएको छ। जग्गाधनी र रेलवे कम्पनीबीच मुआब्जाको विवाद समाधान हुन सकेको छैन् ।



रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा द्विपक्षीय सम्झौता भएको थियो । सोही अनुसार २०११ माघमा निर्माणको थालनी भएको थियो । वि.सं २०७८ चैत १९ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा उद्घाटन गरेपछि चैत २० गतेदेखि जयनगरबाट कुर्थासम्म नियमित रेल सेवा सञ्चालन भइरहेको छ ।

जयनगर-कुर्था ३५ किलोमिटर रेल्वे मार्गमा अहिले दैनिक दुईपटक आउने र दुईपटक जाने गरेको छ। यात्रुको चाप बढ्दै गएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । रेलवे सञ्चालनको १५ महिना बितिसक्दा पनि मालवाहक बोगी जोडिएको छैन् । यात्रुलाई मात्र ओसारपसार गरेर रेल मुनाफामा नआउने बताइन्छ। स्थानीय व्यवसायीहरुले रेलमा मालवाहक बोगी जोड्न पटक-पटक माग गरे पनि रेलवे कम्पनीले वेवास्ता गर्दै आएको छ ।रेल सञ्चालनबाट जनकपुरधाम आउने भारतीय पर्यटकको संख्या बढे पनि व्यवसायीहरुका लागि मालवाहक बोगीको व्यवस्था नहुँदा अपेक्षित लाभ लिन नसकेको बताइन्छ।

रेल कम्पनीले मालवाहक बोगीको व्यवस्था नगर्दा यस भेगका ब्यवसायीहरुका लागि मालढुवानीमा सहुलियत नभएको जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष ललित साहले बताए ।'बिगतमा यस भेगका व्यवसायीहरुका लागि भारतबाट मालसमान ढुवानीको प्रमुख साधन रेल थियो' उनले भने, तर १५ महिना भइसक्दापनि मालवाहक बोगीको व्यवस्था नहुँदा व्यवसायीलाई माल ढुवानी महँगो भएको छ।

रेलवेका प्राविधिकहरुका अनुसार हालको रेलमा मालवाहक बोगी जडान हुन सक्दैन्। यात्रु ढुवानीका लागि मात्र बनाइएको रेल भएकाले मालवाहक बोगी जोड्न नमिल्ने भारतीय प्राविधिकहरुको कथन छ । 'मालवाहक बोगी अहिलेको रेलमा जोडन सकिदैन्' ईञ्जिनियर विनोद ओझाले भने, मालवाहक बोगीका लागि अर्को ईञ्जिन र बोगीहरु भएको रेल हुनुपर्छ।

## आर्थिक विधेयक पारित

# दुई विधेयकमाथि सैद्धान्तिक छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाले आर्थिक विधेयक पारित गरेको छ।

शुक्रबार सर्वसहमतिले आर्थिक विधेयक २०८० पारित गरिएको छ।

विधेयक पारित भएसंगै प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको बाटो खुलेको छ।

अर्थमन्त्री संजयकुमार यादवले आर्थिक विधेयक २०८० माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । त्यसपछि सो विधेयकमाथि छलफल प्रारम्भ गरिएको थियो । सांसदहरुले छलफलमा भाग लिएर परिष्कृत बनाउने सुझाब तथा जिज्ञासा राखेका थिए। छलफलमा उठेको प्रश्नको अर्थमन्त्री यादवले जवाफ दिएका थिए।

मन्त्री यादवले प्रदेशको कोष मजबुत गर्ने, जनतालाई सेवा दिने, राजस्वको दायरा फराकिलो बनाउने, सबल अर्थतन्त्र र बलियो सरकारका लागि सन्दुक (ढुकुटी) र बन्दुक (प्रहरी प्रशासन) आवश्यक पर्ने भएकाले प्रदेश सरकार सक्दो काम गरिरहेको बताए।

बन्दुक अर्थात् प्रहरी प्रशासन प्रदेश मातहतमा ल्याउन आफूहरुको प्रयास जारी रहेको उनले बताए । त्यसपछि अर्थ मन्त्री यादवले पुनःउक्त विधेयक पारित गरियोस भन्ने प्रस्ताव राखेका थिए । सभामुख रामचन्द्र मण्डलले प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सबै सांसदले टेबल ठोकेर सहमति जनाएका थिए।



यस्तै,मुख्यमन्त्री सरोजकुमार यादवले स्थानीय सेवाहरुको गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । विधेयकको सैद्धान्तिक पक्षमाथि समान्य छलफल प्रारम्भ गरिएको थियो। छलफलमा भाग लिँदै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद उपेन्द्र महतोले विधेयक धेरै महत्वपूर्ण रहेको बताए।

प्रदेशले कानुन बनाएपछि स्थानीय तहले बनाउँदा विधेयक बाझिने डर नहुने उनको कथन थियो । 'दुई वर्षसम्म सरुवा नहुने विधेयकमा लेखिएको छ । राम्रो छ,'उनले भने,'तर, दुई वर्षपछि अनिवार्य सरुवा पनि भएको भए झन राम्रो हुने थियो ।' कर्मचारीहरु वर्षौवर्षदेखि एकै ठाउँमा बस्दा अनियमितता भएको गन्ध आउने गरेको उनले बताए।

छलफलमा उठेको प्रश्नहरुको मुख्यमन्त्री यादवले जवाफ दिएका थिए । तीन वर्षअघि नै यो ऐन बनाइसक्नु पर्ने थियो। तर ढिला भएको उनले स्वीकार गरे। सोही कारण स्थानीय तहसँग पनि राम्रो समन्वय हुन नसकेको उनले जिकिर गरे ।

'स्थानीय तहमा चाहिने कर्मचारी प्रदेश लोकसेवा बाटै जानेछ,'उनले भने,'त्यसको सरुवा प्रदेश सरकारले नै गर्ने हो। विलम्ब त भयो। अव विलम्ब नगरौं।'

प्रदेश सरकारले स्थानीय तहका कर्मचारीहरुको व्यवस्थापन र सरुवा गर्ने विषयमा संघीय सरकारसित माग गरिरहेको छ।

स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको सरुवा हाल संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले गरिरहेको छ। प्रमुख प्रशासकीय अधिकृतको सरुवामा संघीय मन्त्रालयबाट व्यापक चलखेल हुँदा महिना नबित्दै सरुवा र कतिपय पालिकामा हाजिरसमेत हुन नदिने गरिएको छ।

एक महिना भित्र ४ वटा ऐन बनाउनुपर्ने सरकारको योजना रहेको उनले बताए । स्थानीय, खरिद, अनुदान र भूमिसुधार ऐन ल्याइने उनले बताए।

खरिद ऐनले टेण्डर प्रकृयालाई पारदर्शी बनाउने ,भूमि ऐनले गुठी जस्ता अलपत्र जग्गा सदुपयोग गरिने उनको कथन थियो । मधेश प्रदेशमा गुठी संस्थान, स्वायत मठमन्दिर, विभिन्न जातीय मठमन्दिर लगायतका जग्गाहरु अव्यवस्थित र बिक्रीमुखी रहेको छ।

प्रदेशमा भूमि व्यवस्था मन्त्रालय रहे पनि आवश्यक कानुनको अभावमा त्यो नाममा मात्र सीमित रहेको छ।

भूमि सम्बन्धी अधिकार प्रदेशलाई भए पनि कानुन नहुँदा काम गर्न नसकेको बताइन्छ । मधेश प्रदेशमा रहेका भूमिलाई व्यवस्थापन र संरक्षण गर्न भूमि ऐन बनाउन आवश्यक रहेको मुख्यमन्त्री यादवले बताए।

यस्तै,भौतिक पुर्वाधार मन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेशको सवारी तथा यातायात व्यवस्था विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए। सो विधेयकमाथि पनि समान्य छलफल गरिएको थियो । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले विधेयक समितिमा पठाइयोस भने प्रस्ताव गरे। दुबै विधेयकमाथिको संशोधन दर्ता गराउन असार ३० गतेसम्मको समय तोकिएको छ।






# 'भारतलाई १० हजार मेगावाट बिजुली बेच्ने कि आयोजना दिने?'

**टुडे समाचारदाता**

काठमाण्डु । सरोकारवाला तथा विज्ञहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारत भ्रमणका क्रममा भएको १० वर्षमा १० हजार मेगावाट बिजुली व्यापारको सम्झौतासम्बन्धी प्रश्न उठाएका छन्।

पूर्वसचिव एवम् अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले १० वर्षमा १० हजार बिजुली बिक्री गर्ने हो वा १० हजार मेगावाटका जलविद्युत आयोजना भारतलाई सुम्पिने हो भन्ने स्पष्ट नभएको बताए। काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले भारतले नेपालका जलविद्युत आयोजना आफ्नो कब्जामा पार्ने रणनीतिक दृष्टिकोण राखेको आरोप लगाए।

'भारतले यो मैरै हो। यहाँ अरूले काम गर्न पाउँदैन भन्ने जस्तो गर्छ,' उनले भने। हाल भारतले ४७०० मेगावाट बिजुली उत्पादन हुने आयोजना निर्माणको जिम्मा पाएको छ। भारतले अरूण ३, अरूण ४, अपर कर्णाली, पश्चिम सेती, फुकोट कर्णाली,



र तल्लो अरूण निर्माणको जिम्मा पाएको छ। नेपालले यहाँको निजी क्षेत्रको अनुभव र क्षमतालाई पहिचान नगरी बिना प्रतिस्पर्धा भारतलाई दिनु खेदपूर्ण भएको उपाध्यायको तर्क छ।

'भारतलाई दिएका आयोजनाको सञ्चालन विधि (मोडालिटी) कस्तो हुन्छ भन्ने पनि स्पष्ट हुँदैन। २० देखि ३० वर्षपछि आयोजना सरकारलाई हस्तान्तरण गर्ने भनिएको छ तर कुन मोडालिटीमा कसरी हस्तान्तरण गर्ने स्पष्ट नहुँदा यसले निकै ठूलो समस्या निम्त्याउने देखिन्छ,' उनले भने। भारतले नेपालमा अन्य मुलुकले लगानी गरेका आयोजनाको बिजुली नकिन्ने भन्नु पनि शंकास्पद रहेको उनको भनाइ छ। 'प्रतिस्पर्धामा भारतकै निर्माण कम्पनीलाई जितेर छानिएका चिनियाँ कम्पनीले उत्पादन गरेको बिजुली चाहिँ किन किन्न नहुने?,' उनले प्रश्न गरे।

पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनीले यहाँ उत्पादन भएको बिजुली देशभित्रै खपत बढाउनुपर्ने बताए। 'नेपाल विकसित मुलुकतिर अघि बढ्ने हो भने यहाँ उत्पादन भएको सबै बिजुली हामी आफैंलाई नै पुग्दैन,' उनले भने। हामीले हाम्रो बिजुलीमा जुनसुकै मुलुकको लगानी भए पनि विश्वको खुला बजारमा निर्यात गर्न पाउनुपर्ने उनको तर्क छ। पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे भारतलाई गाली गर्नुभन्दा पनि अब नेपालले भारतसँग डिल गर्ने क्षमता बढाउनुपर्ने तर्क राख्छन्। 'पानीमा सार्वभौमसत्ता कायम गर्नुपर्छ। तर बिजुली बिक्री गर्ने वस्तु हो। हामीले बिजुली बिक्री गर्न सक्नुपर्छ। तर बिजुली कसले बनायो भन्नेले अर्थ राख्दैन। सस्तो मूल्यमा गुणस्तरीय बिजुली उपभोग गर्न पाउनु ठूलो कुरा हो,' उनले भने।

भारतले नेपालसँग गरेका कतिपय सम्झौताहरू कार्यान्वयन नगरेको उनले बताए। कार्यान्वयनमा नेपालले प्रश्न गर्न सक्नुपर्ने उनको तर्क छ। कार्यक्रममा बिजुली उत्पादकहरूले पनि बिजुली बिक्रीमा सहज हुनुपर्ने बताए। स्वतन्त्र ऊर्जा उत्पादक संघ (इप्पान) का उपमहासचिव प्रकाश दुलालले अहिले ५०० मेगावाट बिजुली खेर गइरहेको बताए। '१ खर्ब लगानीको बिजुली खेर गइरहेको छ। बिजुली उत्पादन गर्न सहज छैन। जताततै उल्जनहरू छन्। कानुनी झमेलाहरू छन्,' उनले भने।

# सन्दर्भ भानु जयन्ती : वरिष्ठ साहित्यकारद्वयको रथारोहण



काठमाण्डु । नेपाली भाषा र साहित्यमा लामो समयदेखि साधना गरी अतुलनीय योगदान पुऱ्याएवापत प्राध्यापकद्वय डा दयाराम श्रेष्ठ र डा राजेन्द्र विमललाई रथारोहण गरी सम्मान गरिएको छ ।

दुईसय१०औँ भानु जयन्तीका अवसरमा भानु प्रतिष्ठान र नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आज यहाँ आयोजित समारोहमा उहाँहरूलाई रथारोहण गरी नगर परिक्रमा गरिएको हो ।

डा श्रेष्ठ नेपाली कथा लेखनको समालोचनामा र डा विमल कथा लेखन र नेपाली राष्ट्रियता प्रवर्द्धनमा ख्यातिप्राप्त हुनुहुन्छ ।

प्रत्येक वर्ष भानु जयन्तीका अवसरमा नेपाली भाषा र साहित्यका क्षेत्रमा विशिष्ट योगदान दिने ज्येष्ठ साहित्यकारलाई बग्गीमा राखेर नगर परिक्रमा गराउने चलन रही आएको छ ।

यसअघि युगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे र समालोचक डा बासुदेव त्रिपाठीलगायतलाई रथारोहण गराइएको थियो । रासस

# नेपाल पाकिस्तानसँग पराजित




काठमाण्डु । श्रीलङ्कामा जारी एसीसी पुरुष इमर्जिङ टिम्स एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानको ए टोलीसँग पराजित भएको छ ।

कोलम्बो क्रिकेट क्लबको मैदानमा शुक्रबार भएको खेलमा नेपाल चार विकेटले पराजित भएको हो । नेपालले दिएको एक सय ८० रनको लक्ष्य पाकिस्तान ए ले ३२ दशमलव ५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो ।

पाकिस्तान ए का लागि तैयव ताहिरले सर्वाधिक ५१ रनको योगदान दिए । त्यस्तै वमिर विन युसुफले ३६ रन बनाए भने कमरान गुलामले ३१ रन बनाए ।

बलिङतर्फ नेपालका ललित राजवंशीले ३ विकेट लिए भने पवन सर्राफले २ विकेट झारे । त्यस्तै कुशल मल्लले १ विकेट झारे ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले ३७ ओभरमा सबै विकेट गुमाउँदै एक सय ७९ रनको योगफल बनायो । नेपालका लागि सोमपाल कामीले एक सय १ बलमा ९ चौका र २ छक्काको सहयोगमा ७५ रनको अर्धशतकीय इनिङ खेले ।

सोमपालले प्रतिश जिसीसँग मिलेर ७० बलमा ५८ रनको साझेदारी गरे । यस साझेदारीले नेपाललाई लज्जास्पद योगफल बन्नबाट जोगायो । प्रतिशले २४ बलमा एक चौका र दुई छक्काको सहयोगमा २६ रन बनाए ।

पन्ध्र दशमलव ४ ओभरमा ७२ रनमा ८ विकेट गुमाइसकेको नेपालका लागि सोमपाल र प्रतिशको साझेदारीबाट टोली सम्मानजनक योगफल बनाउन सफल भयो । त्यसैगरी अर्जुन साउद तथा कुशल मल्लले समान १७/१७ रन बनाए । गुलशन झाले १९ बलमा एक चौकाको सहयोगमा १३ रन बनाए भने ओपनर आसिफ शेखले १२ रन जोडे । त्यसबाहेक अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

पाकिस्तान ए का लागि शाहनवाज दहानी एक्लैले पाँच विकेट लिए भने मोहम्मद वासिम जुनियरले चार विकेट लिए । त्यस्तै मुबासिर खानले एक विकेट लिए । जितसँगै पाकिस्तान ए टोली समूह बी को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल दोस्रो स्थानमा रहेको छ ।

नेपालले आफनो दोस्रो खेलमा आगामी साउन १ गते भारत ए सँग खेल्नेछ । प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन् । टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ए मा श्रीलङ्का, अफगानिस्तान, बङ्गलादेश र ओमान ए छन् भने समूह बी मा नेपाल, भारत, पाकिस्तान र युएईको ए टोली छ । रासस

# विधानविपरीत सदस्यता वितरण गर्दै जिल्ला क्रिकेट संघ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल क्रिकेट संघ (क्यान) को केन्द्रीय कार्यसमितिका लागि आगामी असोज ५ र ६ गते निर्वाचन हुँदैछ।

त्यसअघि जिल्ला क्रिकेट संघ र प्रादेशीक क्रिकेट संघको अधिवेशन हुँदैछ। जिल्ला अधिवेशनका लागि अहिले जिल्ला क्रिकेट संघहरूले सदस्यता वितरणका लागि सूचना प्रकासन गरिरहेका छन्।

जिल्लाहरुले नेपाल क्रिकेट संघको विधान २०५५ को फरक-फरक संशोधन भन्दै सूचना प्रकासन गरिरहेका छन्।

कसैले दोस्रो संशोधन २०७४ भनेका छन् भने कतिले दोस्रो संशोधन २०७५ तथा चौथो संशोधन २०८० भन्दै फरक-फरक ब्यहोराको सूचना प्रकासन गरिरहेका हुन्। चितवन जिल्ला क्रिकेटले त भूलसुधार भन्दै दोस्रोपटक सूचना प्रकासन गरेको छ।

खासमा क्यानको विधानको कुन संशोधनअनुसार सूचना प्रकासन गर्न पर्ने हो? हामीले यो प्रश्न राष्ट्रिय खेलकुद परिषद् का कानुन शाखाका प्रमुख नारायणराज अर्यालसाई सोध्यौ।

'विधान संशोधनका गरेर परिषदमा निवेदन हालिएको थियो। परिषदको कार्यकारी समितिले जिल्ला थपको कुरा अहिले हुन्न भनेर निर्णय गरेको हो,' आर्यालले सेतोपाटीसँग भने, 'पहिलाको संशोधन २०७५ सालमा गरेको हो। अहिले संशोधन गरेर परिषदमा दिएको भने २०८० लेख्न पाइयो। एउटा मात्र बुँदा संशोधन गरे पनि त्यो विधान संशोधित हो।'

आर्यालका अनुसार थप गरिएका जिल्लाहरूले क्यानको निर्वाचनमा भाग लिन पाउनेछैनन्। तर ती जिल्लाले पनि सूचना प्रकासन गरेका छन्।

> *आर्यालका अनुसार थप गरिएका जिल्लाहरूले क्यानको निर्वाचनमा भाग लिन पाउनेछैनन्। तर ती जिल्लाले पनि सूचना प्रकासन गरेका छन्। यस्तै सदस्यता वितरणमा पनि जिल्लाहरूले विधानविपरीत सूचना प्रकासन गरेका छन्। प्रायः जिल्ला संघले पूर्वखेलाडीले मात्र सदस्यता प्राप्त गर्ने सक्ने व्यहोरा सूचनामा उल्लेख गरेका छन्।*

यस्तै सदस्यता वितरणमा पनि जिल्लाहरूले विधानविपरीत सूचना प्रकासन गरेका छन्। प्रायः जिल्ला संघले पूर्वखेलाडीले मात्र सदस्यता प्राप्त गर्ने सक्ने व्यहोरा सूचनामा उल्लेख गरेका छन्।

क्यानको विधानअनुसार हाल खेलिरहेका खेलाडीले पनि सदस्यता प्राप्त गर्न सक्छन्। तर कार्यसमितिमा आउनका लागि अहिले सक्रिय खेलाडीलाई विधानले बन्देज लगाएको छ। कार्यसमितिमा आउन खेल्न छाडेको दुई वर्ष पूरा हुनुपर्ने विधानमा उल्लेख छ।

खेलाडीले सदस्यता पाउने विषयमा क्यानको विधानमा भनिएको छ, 'नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषदले आयोजना गरेको राष्ट्रिय स्तरको सिनियर प्रतियोगितामा कम्तीमा तीन वटा प्रतियोगिता खेलेको खेलाडी। उक्त तीन प्रतियोगितामा एक वर्षभित्र नभइ फरक फरक वर्षमा भएको हुनु पर्नेछ। जुन जिल्लाबाट प्रतियोगिता खेलेको हो सोही जिल्लाबाट सदस्यता लिनु पर्नेछ। यस उपधारा बमोजिम सदस्यता प्राप्त गर्ने खेलाडीले कार्यसमितिको निर्वाचन हुनुभन्दा अगावै कम्तीमा दुई वर्षको अवधिमा भएका राष्ट्रिय प्रतियोगितामा सहभागी नभएको अवस्थामा मात्र कार्य समितिको पदाधिकारी वा सदस्य रुपमा निर्वाचित हुन सक्नेछ।' यसको अर्थ साधारण सदस्यता प्राप्त गर्न अहिले राष्ट्रिय प्रतियोगिता खेलिरहेका खेलाडीले पनि सक्नेछन्। यसरी साधारण सदस्यता प्राप्त गरेपछि कार्यसमितिको पदाधिकारी वा सदस्य बन्न भने दुई वर्ष खेल्न छाडेको हुनु पर्ने विधानमा उल्लेख छ।

यद्यपी जिल्ला क्रिकेट संघहरूले विधानविपरित पूर्वखेलाडीका लागि मात्र सदस्यता प्राप्त गर्न सक्ने मापदण्ड उल्लेख गरेर सूचना प्रकासन गरेका छन्।

सदस्यताका वितरणको सूचना पनि विधानअनुसार नभएको विषयमा अर्याल कुनै आश्चर्य मान्दैनन्।

'नेपाल क्रिकेट संघ विधान मान्दैन भन्ने कुरा छिन-छिनमा कार्यवाहक सचिव नियुक्ति गरेको कुराबाटै थाहा हुन्छ। पहिला प्रशान्त मल्ललाई सचिव बनाइयो। अहिले दुर्गाराज पाठकलाई बनाएका छन्। विधान र कानुनअनुसार निर्वाचनबाट आएका अशोकनाथ प्याकुरेल मात्र सचिव हुन्,' अर्यालले भने, 'सचिव त अवैधानिक राख्छन् भने अरु कुरा अवैधानिक गरे भनेर आश्चर्य मान्नु पर्दैन। उनीहरू विधि, कानुन र पद्धति केहि पनि मान्दैनन्। उनीहरु जहिले पनि आइसिसीको हवला मात्र दिन्छन्। विधानअनुसार चल्ने भए सचिवले राजीनामा दिएपछि उतिबेलै निर्वाचन गर्नु पर्थ्यो नत्र पद खाली राख्न पर्थ्यो। सदस्यलाई सचिव बनाउने उनीहरुको विधानमा लेखिएको छैन। त्यसैले उनीहरु विधानअनुसार चल्दैनन्।'

# मेचीनगरका एक सय ५९ ले पाए उपचार सुविधा

झापा । मेचीनगर नगरपालिकाका गम्भीर प्रकृतिको रोगका एक सय ५९ बिरामीले चालु आर्थिक वर्षमा रु एक लाखका दरले उपचार सुविधा पाएका छन् ।

नगरपालिकाले क्यान्सर, मुटु, मिर्गौला, मस्तिष्कघात लगायतका रोग लागेका बिरामीलाई दिएको सिफारिसका आधारमा सरकारद्वारा तोकिएका अस्पतालबाट उनीहरूले सो रकम बराबरको स्वास्थ्योपचार पाएका हुन् ।

स्वास्थ्य शाखाले जनाएअनुसार क्यान्सरका ९०, मिर्गौला प्रत्यारोपणका २८, मुटुका २२ र अन्य रोगका नौ जनाले सूचीकृत अस्पतालमा नगरपालिकाले उपचारका लागि सिफारिस गरेको छ । नेपाल सरकारले क्यान्सर, मुटु, मिर्गौला, अल्जाइमर्स, पार्किन्सन्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको उपचारका लागि विपन्न नागरिकलाई उपचारमा सहयोग दिँदै आएको छ ।

सरकारले बिरामीलाई सिधै रकम दिँदैन । स्थानीय तहको स्वास्थ्य शाखाको सिफारिसका आधारमा सूचीकृत अस्पतालले बिरामीलाई उक्त रकम बराबरको उपचार सेवा तथा औषधि दिने गरेका छन् ।

यसैगरी पालिकाले नगर क्षेत्रका दुई सय एक बिरामीलाई रु पाँच हजारका दरले औषधि उपचार खर्च बापतको रकम वितरण गर्ने तयारी गरेको छ ।

चालु आर्थिक वर्ष २०७९/८० मा नगरमा उपचार माग भएका दुई सय एक जनाको रु ८७ लाख २० हजार वितरण गर्ने तयारी गरिएको छ । सरकारले जटिल प्रकृतिका बिरामीका लागि मासिक रूपमा रु पाँच हजारका दरले स्थानीय तहमार्फत औषधि उपचार खर्चको रकम उपलब्ध गराउँदै आएको छ । रासस


## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सालिक छैन, भानुचोक छ...

काठमाण्डु । नेपाली भाषा र साहित्यका आदिकवि भानुभक्त आचार्यको २१०औँ जन्मजयन्तीका अवसरमा उहाँले नेपाली भाषा र साहित्यको उन्नयनमा पुऱ्याउनुभएको योगदानका विविध पक्षको स्मरण गर्दै चर्चा गरिएको छ । मोर्डन कन्या मल्टिपल कलेज, भीमसेन गोला, बानेश्वरले शुक्रबार आयोजना भानुजयन्ती कार्यक्रममा इतिहासविद्, साहित्यकार, प्राध्यापक र छात्राहरूले भानुले नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदानबारे कविता र मुक्तकमार्फत उजागर गर्दै उनलाई प्रेरणा दिने घाँसीको समेत स्मरण गरे।

सो अवसरमा वरिष्ठ साहित्यिक पत्रकार रोचक घिमिरेले भानु आफूले शुक्रबार्रेको ज्ञानलाई रचनामार्फत उजागर गरेकै कारण शुक्रबार संसारका कुनाकाप्चामा पुग्न सफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "भानुको योगदानलाई औपचारिक रूपमा चिनाउने काम दार्जिलिङबाट भएकामा त्यसको धेरैपछि मात्र नेपालमा जयन्ती मनाउन सुरु गरिएको हो ।"

उहाँहरूले विदेशमा भानुका धेरै सालिक र स्मारक भए पनि यहाँ भएका भने तोडफोड गरिएकामा दुखेसो पोख्नुभयो । सालिक नष्ट गरिए पनि अझै जनकपुरलगायत कतिपय स्थान विशेषको नाम भानुचोकबाट परिचित छ । पृथ्वीनारायण शाहको टुक्राटुक्रामा विभाजित नेपाललाई एकीकरण गर्ने अभियानलाई भानुभक्तले भाषा र साहित्यका माध्यमबाट पूर्णता दिनुभएको थियो । नेपालीजनले रुचाइएका शब्द र लय टिपेर लेखिएको 'रामायण'ले नेपालीलाई भाषागत रूपमा एकीकरण गर्न सफल भएको हो ।

इतिहासविद् प्रा दिनेशराज पन्तले ससाना राज्यमध्ये सबैभन्दा कमजोर गोरखाका राजा पृथ्वीनारायणले राज्यविस्तार गरी भौगोलिक एकीकरणको भाव दिएजस्तै भानुकै योगदानका कारण अहिले विश्वका एक सय ९० भन्दा बढी मुलुकमा नेपाली भाषा पनि पुगेकामा गौरव प्रकट गर्नुभयो ।

दायित्व वाङ्मय प्रतिष्ठान नेपालका अध्यक्ष रामप्रसाद पन्तले नेपाली जाति विश्वका जुन कुनामा पुगेका छन् त्यहाँ भानुभक्त पनि पुग्छन् भन्ने मान्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "तलबार र कलमको तागतमध्ये कुन बलियो भन्ने उत्तर 'रामायण'ले दिएको छ, तलबारको शक्ति खुम्चिएको छ भने भानुले शुक्रबार्रेको कलमको तागत फैलँदो छ ।" साहित्यकार जय छाङ्छाले भानुले नैतिक र नीति शिक्षाका लागि ठूलो प्रेरणा प्रदान गरेको जनाउँदै उहाँ स्वदेशमा भन्दा विदेशमा लोकप्रिय र पूजनीय रहेको विचार राख्नुभयो ।

कलेजका अध्यक्ष प्रा डा रामप्रसाद दाहालले 'भानुभक्तको रामायण' रचना नभएको भए नेपाली साहित्य शुक्रबारको जस्तो परिष्कृत र विकास नहुने बताउनुभयो। उहाँले भन्नुभयो, "बयालिस वर्षदेखि मैले निरन्तर रूपमा भानुजयन्ती कार्यक्रम गर्दैआएको छु, उनको 'रामायण' थिएन भने नेपाली साहित्य अहिलेको अवस्थामा हुन्थेन, भानुको योगदानलाई राज्यले कदर गर्नुपर्छ, त्यसमा अझै कमजोरी छ।'

कलेजका प्राचार्य सविन पोखरेलले भानुभक्तको भाषा, साहित्य र शब्द चयनले उहाँ चिरपर्यन्त झन् झन् अमरत्व प्राप्त गरिरहेको बताउनुभयो। सो अवसरमा सहभागी वक्ताले भानुजयन्ती राष्ट्रियता जगाउने कविता महोत्सवका रूपमा रहेको चर्चा गर्दै विदेशमा स्थापित सालिक, स्मारक र आयोजना हुने कार्यक्रमले उहाँ स्वदेशजत्तिकै विदेशमा पूजनीय र स्थापित रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा आदिकविका तस्बिरमा माल्यार्पण र पुष्पगुच्छा अर्पण गरियो । सो अवसरमा कलेजका छात्रा शर्मिला कार्की, गङ्गा केसीलगायतले भानुको काव्य सोच, अहिले मुलुकमा बिथोलिएको राजनीतिक घटना र कतिपय नेतामा देखिएको नैतिकताका खडेरी सम्बन्धमा व्यङ्ग्यात्मक रचना प्रस्तुत गर्नुभयो भने मुक्तक समाजका अध्यक्ष रामकाजी कोनेले भानु र मायाप्रीतिसँग सम्बन्धित मुक्तक वाचन गर्नुभएको थियो। रासस



जनकपुरधाम स्थित भानु चोकमा मधेश आन्दोलनको क्रममा भानुभक्तको शालिक भत्काइएपछि जनकपुरधाम उप महानगरपालिकाले निर्माण गर्न लागेको भानु स्मारक स्थानीय युवाहरुको विरोध पछि शिलान्यास गरियो तर निर्माण कार्य शुरु हुन सकेन् । उप-महानगरपालिकाको बजेटमा निर्माण हुन लागेको सो शालिक निर्माणकालागि बनाइएको उपभोक्ता समितिले एक किस्त रकम लिएर राजिनामा गरेपछि लथालिङ्ग गरेको छ ।

**तस्विर : संजय/टुडे**

# भानुभक्तको शालिक अनावरण

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा २ सय ५ औँ भानु जयन्तीको अवसरमा नयाँ बसपार्कस्थित भानु चोकमा वीरगञ्ज महानगरपालिकाले निर्माण गरेको भानुभक्त आचार्यको अर्धकदको शालिक अनावरण गरिएको छ ।

वरिष्ठ साहित्यकार भवानी क्षेत्री र वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले संयुक्त रुपमा शालिकको अनावरण गरेका छन् ।

मधेश आन्दोलनका क्रम वीरगञ्जको बाइपास सडकखण्ड, लिंकरोड र बसपार्क चोकको मध्यभागमा रहेको भानुको अर्धकदको शालिक तोडफोड भएपछि लामो समय सम्म उक्त स्थान खाली रहेको थियो ।

मूर्ति अनावरण गर्दै वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख सिंहले आदिकवि भानुभक्त आचार्यले संस्कृतिमा लेखिएको रामायणलाई नेपालीमा अनुवाद गरेर सरलीकृत गरी धर्म संस्कृतिको प्रचारमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए ।

उनले भानुभक्तका योगदानको स्मरणसँगै सम्मान गर्ने परम्परा अगाडि बढाउँदा अन्य भाषा संस्कृतिको समेत संरक्षण र संवर्द्धनमा सबैको ध्यान केन्द्रित हुने विचार व्यक्त गरे ।

भानु जयन्तीकै अवसरमा शुक्रबार वीरगञ्जमा नारायणी वाङ्मय प्रतिष्ठान र लक्ष्मी साहित्य समाजले कविता वाचन प्रतियोगिता र पुरस्कार वितरण कार्यक्रमको समेत आयोजना गरेको थियो । बसपार्कमा भानुको शालिक अनावरण र माल्यार्पण कार्यक्रमपछि झाँकी, जुलुस बाजागाजासहितको र्‍यालीले नगर परिक्रमा गरेको थियो ।



# सुरक्षा पन्त सीजी इलेक्ट्रिकको एम्बेसडर

**टुडे समाचारदाता**

काठमाण्डु । चौधरी ग्रुप अन्तर्गतको सहायक कम्पनी ईओएल प्रालिले चर्चित अभिनेत्री, सिभिल इञ्जिनियर तथा मोडल सुरक्षा पन्तलाई सीजी इलेक्ट्रिकको ब्रान्ड एम्बेसडरमा नियुक्त गरेको छ । सुरक्षा पन्त र कम्पनीबीचको सहकार्यले ब्रान्डको उपस्थितिलाई अझ माथि उठाउने र यसको विविध उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार सुरक्षाको आकर्षण, बहुमुखी प्रतिभा र प्रभावशाली व्यक्तित्वले उपभोक्ताहरूलाई अत्याधुनिक सामानहरू उपलब्ध गराउन र सहज सेवा प्रदान गर्न मद्दत गर्नेछ।

सुरक्षा पन्त तीन प्रमुख खण्डहरूमा सीजी इलेक्ट्रिकको अनुहार हुनेछिन्ः चिम्नी, सोलार हिटर र इलेक्ट्रिक उपकरणहरू। सीजी इलेक्ट्रिकसँगको उनको सहकार्यले ब्रान्डको विशेषज्ञता र सम्बन्धित कोटीहरूमा असाधारण उत्पादनहरू उपलब्ध गराउने प्रतिबद्धतालाई प्रदर्शन गर्नेछ ।

कम्पनीका अनुसार सुरक्षा पन्त र सीजी इलेक्ट्रिक दुवैले उत्कृष्टता, निष्ठा र ग्राहक सन्तुष्टिको साझा दृष्टिकोण राख्दछन्। यस सहकार्यले ब्रान्ड इक्विटी र उपभोक्ताहरू माझ पहुँच बढाउने शक्तिशाली सिनर्जी सिर्जना गर्ने अपेक्षा गरिएको छ।

सहकार्यको बारेमा टिप्पणी गर्दै, सीजीका उपाध्यक्ष एससी साबूले भने, 'हामी सुरक्षाजीसँग हाम्रो ब्रान्ड एम्बेसडरको रूपमा आबद्ध हुन पाउँदा खुसी छौं। उनको अनुग्रह, प्रामाणिकता र उनको कामप्रतिको समर्पण हाम्रो सीजी इलेक्ट्रिक ब्रान्डको मार्गदर्शनसँग स्पष्ट रूपमा मिल्छ। हामी विश्वस्त छौं कि हाम्रो ब्रान्डसँगको उनको सहकार्यले हाम्रो ब्रान्डलाई अर्को स्तरमा पुर्याउनेछ र यसलाई हाम्रा उपभोक्ताहरू बीच एक विश्वसनीय ब्रान्डको रूपमा स्थान दिनेछ।'

सुरक्षा पन्तले साझेदारीको बारेमा उत्साह व्यक्त गर्दै भनिन्, 'उत्कृष्टताप्रतिको प्रतिबद्धताका लागि परिचित ब्रान्ड सीजी इलेक्ट्रिकसँग आबद्ध हुन पाउँदा म सम्मानित छु। चिम्नी, सोलार र इलेक्ट्रिक उत्पादनको प्रतिनिधित्व गर्न पाउँदा म उत्साहित छु। सीजी इलेक्ट्रिकले नवीन र उच्च गुणस्तरका उत्पादनहरू प्रस्तुत गर्दछ, र म यी क्षेत्रहरूमा सीजी इलेक्ट्रिकको यात्राको हिस्सा हुन पाउँदा खुसी छु।'

साझेदारी अनुरुप, पन्तले प्रिन्ट र डिजिटल अभियानहरू, सामाजिक सञ्जाल र सार्वजनिक विभिन्न प्रचारात्मक गतिविधिहरूमा संलग्न हुनेछन्।




# 'कानुन कार्यान्वयनमा जोड दिनुपर्ने'

**टुडे समाचारदाता**

बर्दिबास । मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले कानुनको शासनले सभ्य समाजको निर्माणमा ठूलो मद्दत पुग्ने बताएका छन् ।

प्रदेश प्रमुख मिश्रले मधेश प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयद्वारा शुक्रबार महोत्तरीको बर्दिबासमा बार एशोसिएशनसंग मधेश प्रदेश सरकारले बनाएको कानुनका सम्बन्धमा जानकारी दिने उद्देश्यले आयोजना गरिएको अन्तरक्रियामा कानुनको शासन कानुनको सर्वोच्चता भएको बताउँदै नेपालको संविधानले प्रदेशलाई दिएको अधिकारभित्र रही निर्माण गरिएका ५५ वटा कानुनको कार्यान्वयनमा जोड दिए । मधेश प्रदेशका निमित्त प्रमुख सचिव किशोर कुमार चौधरीले प्रदेश सरकारले निर्माण गरेको कानुनका विषयमा सबैले जानकारी दिन आवश्यक भएको बताउँदै कानुनको अनभिज्ञता कसैको लागि क्षम्य नहुने बताए ।

अध्यक्षको आसनबाट मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र कुमार ठाकुरले प्रदेश सरकारले बनाएका ऐन तथा कानुनका विषयमा कानुन व्यवसायीलाई जानकारी दिन कार्यक्रमको आयोजना गरेको बताए ।

दुई दिनसम्म चल्ने कार्यक्रममा प्रदेश सरकारले हालसम्म बनाएका कानुनको विषयमा छलफल तथा अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ ।




# भुटानी शरणार्थी प्रकरणमा निर्णय गर्ने प्रधानमन्त्रीलाई समातियोस् : सांसद सिंह

टुडे समाचारदाता

काठमाण्डु । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले नक्कली शरणार्थी प्रकरणमा निर्णय गर्नेलाई नसमातिएको भन्दै सरकारमाथि प्रश्न उठाएका छन् । उनले मन्त्रीपरिषदबाट निर्णय गर्ने प्रधानमन्त्रीलाई समात्नुपर्ने बताएका छन् ।

शुक्रबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले सन्देश शर्माको अडियो सोही व्यक्तिको रहेको भनेर प्रहरीले प्रमाणित गरेपनि त्यसमा किन कारबाही गरिएन भन्दै प्रश्न गरे ।

उनले शारदा प्रसाद त्रिताल आयोगको प्रतिवेदन रहेको बताउँदै सो प्रतिवेदन किन सार्वजनिक गरिएन भन्दै प्रश्न गरेका छन् ।


उनले भने-'किन सार्वजनिक गरिएन भने त्यसमा नेताहरुको नाम छ, त्यसकार त्रिताल आयोगको प्रतिवेदन सार्वजनिक गरिएन। त्यसको बाबजुतपनि अर्को छानबिन समिति गठन भएको थियो पूर्व न्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा । त्यसले पनि भूमिसुधार मन्त्रालयमा ३३ वटा प्रतिवेदन दिएको छ । सबै ठाउँमा नेताहरुको संलग्नतामा सरकारी जग्गा र गुठीको जग्गा मिचिएको छ र त्यो रिर्पोटलाई पनि कार्पेटमुनी लुकाइएको छ । साँच्चै सरकार भ्रष्टाचारविरुद्ध संवेदनशील छ भने जति अध्ययन खोज भएको छ, ति रिर्पोटहरु सार्वजनिक गरोस् । कि सभामुखज्यूबाट रुलिङ होस, म नै यो सदनको सबै सांसदहरुलाई त्यो रिपोट दिन्छु, त्यो दुबै रिपोट मसँग छ।'

सरकारले रिपोट बनाउने र आफ्नो मान्छे फस्न लाग्यो भने रिपोट सार्वजनिक नगर्ने प्रवृत्ति मौलाउँदै जाने उनले बताए । नेपालमा सानालाई ऐन र ठूलालाई चैनको अवस्था रहेको बताउँदै निर्णय प्रक्रियामा सहभागी हुनेलाई कारबाही गर्न उनले आग्रह गरे ।

# सुरु हुने भयो रामनाथ मुखियाको उपचार

जनकपुरधाम। आर्थिक अभावमा पाँच वर्षदेखि उपचारयबिहीन हुनुभएका महोत्तरी लोहरपट्टि नगरपालिका-९ बिनका रामनाथ मुखियाको अब भने उपचार हुनेभएको छ । दश/बाह्र वर्षको उमेरदेखि हर्मोनमा गडबडी हुँदा सुन्निने र शरीर फुल्ने रोगबाट पीडित उहाँ पछिल्लो समय आर्थिक अभावमा उपचार नगरी बसनुभएको थियो ।

करिब तीन बिघा जमिन र लाखौँ ऋण काडेर उपचार गर्दा पनि छोरालाई सञ्चो नभएपछि तनावमा रहनुभएका ७० वर्षीय बुबा उत्तिममानको आग्रहपछि इन्डो-नेपाल इन्डो फोरमले मुखियाको उपचारका लागि पहल गरेको हो । फोरमका उपाध्यक्ष डा पिके ठाकुरले आफूहरूको पहल तथा वीरगञ्जस्थित रहेको भारतीय महावाणिज्य दूतावासको सिफारिसमा भारतको दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा उपचार हुन लागेको जानकारी दिनुभयो ।



उहाँका अनुसार एम्सले मुखियाको उपचारका लागि सहयोग गर्ने बताएको छ । "डाक्टर्स फोरमले पहल गरेपछि भारतीय महावाणिज्य दूतावास, वीरगञ्जले एम्स उच्च व्यवस्थापन पक्षसँग छलफल गरी सिफारिस पत्र बनाइदिएको छ । सो पत्रका आधारमा सकेसम्म निःशुल्क र नभए न्यूनतम दस्तुरमा उपचार हुने जानकारी पाएका छौँ", डा ठाकुरले राससँग भन्नुभयो ।

रामनाथका बुबा उत्तिममान मुखियाले पनि महावाणिज्य दूतावासको पत्र प्राप्त भएको र शुक्रबार नै छोरालाई लिएर भारतको राजधानी नयाँदिल्ली जान लागेको जानकारी दिनुभयो ।

"धेरै कुरा त राससले यसअघि नै लेखिसकेको छ । भएको सम्पत्ति सकिएपछि हार खाएर उपचार गर्न छोडेका थियौँ । छोराको स्वास्थ्य समस्या झनझन बल्झिँदै गएपछि धेरै ठाउँ चाहर्दा पनि कतैबाट सहयोग पाएका थिएनौँ", मुखियाले भन्नुभयो, "राससले समाचार लेखेको र डा ठाकुरले चासो राखेपछि अहिले उपचारको लागि पहल भएको छ र शुक्रबारै उपचारका लागि जाँदैछौँ ।"

७० वर्षीय उत्तीममानले छोरा रामनाथको उपचारका लागि गरेको सङ्घर्ष र आर्थिक अभावमा भोग्नुपरेको समस्याका बारेमा राससमा 'उत्तिममानको पीडाः उपचारमै सकियो सम्पत्ति' भनेर यसअघि समाचार प्रकाशित भएको थियो ।

उत्तिममानले बताएअनुसार माइलो छोरा रामनाथ मुखियालाई दश/बाह्र वर्षको उमेरदेखि हर्मोनमा गडबडी हुँदा सुन्निने र शरीर फुल्ने रोग लाग्यो । उपचारका लागि सम्भव भएसम्म नेपालका सबै अस्पताल र पछि छिमेकी भारतीय सीमामा रहेका धेरै अस्पताल पुऱ्याए पनि रोग निको भएको थिएन । पुर्खाबाट अंशमा पाएको करिब तीन बिघा जमिन र साहुँ महाजनबाट चक्रीय ब्याजदरमा लाखौँ ऋण लिएर उपचार गर्दा मुखिया परिवार समस्या छ ।

"मैले उपचारका लागि हरसम्भव प्रयास गरे । जायजेथा बेचे, ऋण काँडे । अरु छोराहरूको कमाइ पनि उपचारमै खर्च गरे । आखिर बाबु न हुँ, उसको दुःख र छटपटाहट कसरी हेरिबस्नु ! अहिले रित्तो छु, सम्पत्तिको नाममा केही बाँकी छैन", आँखाभरि आँसु टिलपिलाउँदै उहाँले भन्नुभएको थियो । पाँच वर्षअघि डाक्टरले मासिक ३० हजार भारतीय रुपैयाँ पर्ने सान्डोस्टाटिन एलएआर नामक सुई लगाउन सिफारिस गरेका थिए तर पाँच वर्षअघि सुरु गर्नु भनिएको उपचार आर्थिक अभावमा अहिलेसम्म पनि सुरु हुन सकेको छैन । रासस

# वैयक्तिक सूचना प्रणाली (पीआइएस) मा प्रदेशको पहुँच यसकारण महत्त्वपूर्ण

जनकपुरधाम । देश सङ्घीय संरचनामा गइसकेपछि सबैजसो प्रदेशले प्रदेश लोकसेवा आयोग गठन गरी प्रदेश तथा स्थानीय तहमा आवश्यक कर्मचारी भर्ना तथा बढुवाको काम सुरु गरिसकेका छन् ।

मधेश प्रदेश त आफ्नै निजामती सेवा ऐन बनाउने पहिलो प्रदेश थियो । यहाँ विसं २०७७ फागुन २८ मा 'प्रदेश निजामती सेवा ऐन, २०७७' प्रमाणीकरण भई लागू गरिएको थियो । अझ सो ऐन बनाउनुअघि नै मधेस प्रदेशसभाले 'प्रदेश लोकसेवा आयोग ऐन, २०७६' बनाएर विसं २०७६ भदौ २२ गते मधेस प्रदेश लोकसेवा आयोग गठन गरिसकेको थियो ।

आयोगले प्रदेश निजामती र प्रदेशभित्रका स्थानीय तहका विभिन्न सेवा समूहका पदपूर्तिका लागि प्राप्त मागअनुसार उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गर्दै आएको छ तर त्यसरी नियुक्त भएका कर्मचारीले आफ्नो वैयक्तिक विवरण अभिलेखनका लागि पिआइएस नम्बरसमेत पाउन सकेका छैनन् ।

अब भने सङ्घीय सरकारको राष्ट्रिय किताबखाना (निजामती)ले प्रादेशिक पिआइएस पोर्टल मधेस प्रदेश सरकारलाई हस्तान्तरण गरेसँगै प्रदेशमै वैयक्तिक विवरणसहितको अभिलेख राख्ने बाटो खुलेको छ ।

बिहीबार प्रदेश प्रमुख हरिशंकर मिश्र र मुख्यमन्त्री सरोजकुमार यादवको उपस्थितिमा राष्ट्रिय किताबखाना (निजामती)को तर्फबाट उपनिर्देशक सुशिला अर्याल र मधेस प्रदेश सरकारको तर्फबाट मधेस प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका निमित्त प्रमुख सचिव किशोर कुमार चौधरीले एक समझदारी पत्रमा हस्ताक्षर गरेसँगै प्रदेश कर्मचारीको विवरण अद्यावधिक गर्ने बाटो खुलेको हो ।

**'पोर्टल हस्तान्तरण हुनु एक ऐतिहासिक कार्य'**

वैयक्तिक सूचना प्रणाली (पीआइएस) पोर्टल लामो समयपछि हस्तान्तरण हुनुलाई यहाँ एक ऐतिहासिक कार्य भन्दै सरोकारवालाहरूले खुसी व्यक्त गर्नुभएको छ ।

समझदारीपत्र आदानप्रदान तथा पोर्टल हस्तान्तरण समारोहमा प्रदेश प्रमुख मिश्रले प्रदेश तथा स्थानीय कर्मचारीको वैयक्तिक विवरणका लागि काठमाडौँ धाउनुपर्ने बाध्यताको अन्त्य भएकामा खुसी व्यक्त गर्दै यसको पूर्ण र व्यवस्थित सञ्चालनका लागि प्रदेश सरकारले उचित ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा मुख्यमन्त्री यादवले सङ्घीयताको सबल कार्यान्वयनका लागि मधेस प्रदेश तथा मातहतमा रहेका कर्मचारीको व्यक्तिगत विवरण प्रदेशले नै राख्ने विषय एक ऐतिहासिक सफलता भएको धारणा राख्नुभयो । "मधेस प्रदेश सरकारले पहिलो पटक निजामती कर्मचारी, प्रदेश लोकसेवा र प्रहरी ऐन बनाउने हिम्मत गरेको थियो । यसमा तत्कालीन प्रदेश प्रमुख तिलक परियारको भूमिका पनि स्मरणीय छ", मुख्यमन्त्री यादवले भन्नुभयो, "ढिलै भए पनि कर्मचारीको वैयक्तिक विवरणसम्बन्धी सम्पूर्ण कार्य गर्न सूचना प्रणाली नै प्रदेशलाई हस्तान्तरण गर्नु एक अर्को ऐतिहासिक उपलब्धिका रूपमा लिएको छु ।"

कार्यक्रममा मधेस प्रदेश लोकसेवा आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी, मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरलगायतले प्रदेश कर्मचारीको व्यक्तिगत अभिलेख प्रभावकारी ढङ्गले राख्न र अन्य प्रदेशसमेतलाई उदाहरणीय सन्देश दिने गरी कार्य गरेर देखाउन सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो ।

मधेश प्रदेश कर्मचारीको व्यक्तिगत विवरणको अभिलेखका लागि पिआइएस पोर्टल प्राप्त गर्ने चौथो प्रदेश हो । यसअघि बागमती, गण्डकी र कोशी प्रदेशसमेतलाई पोर्टल हस्तान्तरण गरिसकिएको छ ।

राष्ट्रिय किताबखाना (निजामती)का उपमहानिर्देशक अर्यालले पनि पोर्टल हस्तान्तरण भएसँगै लामो समयसम्म कर्मचारीको वैयक्तिक विवरण राख्न नसकेका प्रदेश र स्थानीय तहका हजारौँ कर्मचारीको विवरण अद्यावधिक हुने बताउनुभयो ।

**वैयक्तिक सूचना प्रणाली यस कारण महत्त्वपूर्ण**

नेपालको संविधानले सङ्घीय व्यवस्थानुरूप तीन तहको संरचनासहित अधिकारको बाँडफाँट र जिम्मेवारी तोकेको छ । सोहीअनुसार सङ्घीयता कार्यान्वयन गर्न राजनैतिक सङ्घीयताको कार्यान्वयनले मूर्तरूप लिइसकेको छ भने केही सवालहरूबाहेक वित्तीय सङ्घीयता पनि कार्यान्वयनमा छ ।

सङ्घीयताको महत्त्वपूर्ण पाटोका रूपमा रहेको प्रशासनिक सङ्घीयताको कार्यान्वयनका सन्दर्भमा निजामती कर्मचारीको समायोजनबाहेक अन्य कामहरू समयमै हुनसकेका छैनन् । तथापि प्रशासनिक सङ्घीयतालाई कार्यान्वयन गर्ने सवालमा प्रदेशले आफ्नो एकल अधिकारभित्र पर्ने प्रदेश निजामती सेवासम्बन्धी ऐन बनाई आवश्यककार्य गर्न तदारुकता देखाएका छन् । मधेश प्रदेशमा पनि प्रदेश निजामती सेवा ऐन र सोसम्बन्धी नियमावलीअनुसार प्रदेश लोकसेवा आयोगले आफ्नो काम सुरु गरिरहेको छ । आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादवले चार सय २१ विज्ञापनमार्फत पाँच सय २८ खुला र तीन सय तीन बढुवा प्रक्रियामार्फत आठ सय ३१ कर्मचारीको व्यवस्थापन गरिएको जानकारी दिनुभयो । "लोकसेवा र किताबखानाको सम्बन्ध नङ र मासुको जस्तै हो । वैयक्तिक विवरण कर्मचारीको सेवाको सुरक्षासँग पनि जोडिएको छ । त्यसर्थ आजको दिन प्रदेशका लागि ऐतिहासिक दिन हो", अध्यक्ष यादवले भन्नुभयो ।

त्यसैगरी मधेश प्रदेशका निमित्त प्रमुख सचिव चौधरीले प्रदेश मै निजामती किताबखानाको स्थापना, सञ्चालन र व्यवस्थापन हुनु प्रशासनिक सङ्घीयताको कार्यान्वयनको सवालमा महत्त्वपूर्ण उपलब्धिको सङ्ज्ञा दिनुभयो । "प्रदेश किताबखानाको स्थापनाले निजामती कर्मचारीको सुरूनियुक्तिदेखि अवकाससम्मको अभिलेख प्रदेशमै अद्यावधिक र सेवाबाट अलग भएका निजामती कर्मचारीले पाउने निवृत्तीभरण, उपदानलगायतका सुविधाको अभिलेख राख्ने कामको व्यवस्थापन निकै सहज हुनेछ", निमित्त प्रमुख सचिव चौधरीले भन्नुभयो ।

उहाँका अनुसार प्रदेश सरकारका विभिन्न निकायलाई नीति निर्माणका लागि आवश्यक पर्ने कर्मचारीसम्बन्धी सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सूचना केन्द्रको रूपमा समेत किताबखाना महत्त्वपूर्ण हुनेछ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## कविता

जबसम्म गर्न सक्दैन क्रान्ति ।
तबसम्म हुन सक्दैन शान्ति ॥
जबसम्म छोड्न सक्दैन मोह ।
तबसम्म गर्न सक्दैन विद्रोह ॥
जबसम्म गर्न सक्दैन प्रयास ।
तबसम्म पुरा हुन सक्दैन आस ॥
जबसम्म प्राप्त गर्न सक्दैन ज्ञान ।
तबसम्म समाप्त हुँदैन अभिमान॥
जबसम्म गरिदैन स्वयम् पहिचान ।
तबसम्म बुझ्न सक्दैन कर्म-महान ॥
जबसम्म गरिदैन ईश्वरीय चिन्तन ।
तबसम्म वशी हुँदैन मन-अवचेतन ॥



लेखकः- राम मण्डल
ग्लष्खभचकबा ब्अबमभ्कथ ऋयगिमिनभ
लक्ष्मीनियाँ गाऊँपालिका
सिनुरजोडा - १

## दाइजो प्रर्था

दाईजो लाई हटाउ हाम्रो समाजको छोरीलाई बचाऊ
समाजको उजवलको लागि परिश्रम गर्छ त्यासैले छोरीलाई बचाऊ
दाइजो माग्ने व्यक्तिलाई आफ्नो छोरी नदेऊ
दाइजो माग्ने र दाइजो दिने अपराध छ
त्यसैले दाइजो नदिई त्यसलाई भिख दिनुपर्छ
दाइजो ले गर्दा कति नारीले आफ्नो ज्यान गुमाएको छ
दाइजोको कारणले कति छोरीहरु जन्म लिनुभन्दा अगाडी
आफ्नो मृत्यु पाएको छ
दाइजोको कारणले गरीबको छोरी राम्रो जीवन जिउन सक्दैन
त्यसैले गरीबको छोरीले राम्रो शिक्षा पनि लिन सक्दैन
दाइजो को कारणले हाम्रो समाज अगाडी बढ्न सक्दैन
त्यसैले हाम्रो समाज बा,
दाइजो हटाउनु पर्छ
समाजको छोरीलाई शिक्षित बनाइयो भने
त्यो एक दिन समाजको नाम अजवल बनाउछ
देशको उन्नति प्रगति कम र दाइजो को मान्यता बढ़ी भइरहेको छ
त्यसैले दाइजोलाई हटाउ देशको छोरीलाई बचाऊ



नाम : नितु मुखिया
गाउँः सघारा
श्री जनता नमूना मा. वि गिद्धा बेलापट्टी कक्षा १५

## ।। जिवन ।।

थकाइ लाग्छ धेरै
भोक लाग्छ कम
माया तिमि बिना
जिवन लाग्छ झन कम
कर्म गर्दै छु
पैशाको आश छ
यो मृत्युभवन मा
जिन्दगि तासको गाँठ बनेको छ
विदेशिएका छु स्वदेशमा आउने आश छ
फेरि केहि राम्रो गर्ने विचार छ
जिन्दगि चलाउन पैसा चाहिन्छ तर
दिनचर्या काट्न मायाप्रेम को बोलिवचन खासै छ
नेताहरुले देशलाई सिध्याए
सबैमाथि अख्तियारि लगाउन जरुरि छ
पैसाको लोभमा मायाप्रेम को बोलि
कर्म सहयोगि भावना यिनले बिर्सेको छ
पढिलेखि गुणि बन्नुछ
देशलाइ झिलिमिली बनाउनु छ



प्रमोद राम
जनकपुर ९

## कविता

जीवजन्तू सबै बसेछ पर्खेर
वर्षा बसिरहेछ हाम्रो मुख हेरेर
हर्ष, उल्लास सबैमा वस्की देउ न
ए वर्षा तिमी वर्षी देउ न
पानी हो हाम्रो बाँच्ने आधार
यो कुरामा अलि गरौ बिचार
मच्चिरहेछ यहाँ हाहाकार
सुन्नुहोस न हाम्रो अथकपुकार
तिमी बिना सुकिरहेछ कल र कुँवा
सडकमा उडिरहेछ धुलो र धुवाँ
वर्षाले गरिरहेछ अतेरी
यसकारणले पर्न सक्छ खडेरी
पानीको बुँद बुँद छ अमृतको समान
बर्सेर देउ तिमी बिनम्रताको पहिचान
किसानको बालीनालीको वर्षा नै सहारा
समयमै बर्सेर बनाई देउ न हरियाली नजारा
खेतमा फल्छ्न गहुँ र धान
यसमा पनि छ है तिम्रो योगदान
शब्दको मम्रका साथमा बुझिदेउ यो कुरा,
तिमी केबल गर्न सक्छौ पानीको आवश्यकता पूरा



राममिलन ठाकुर

## हमर मिथिला

परिस रहल छी प्रेम स मिथिला के उपहार
धन्य हमर ई मिथिला नगरी से थीक विचार॥१॥
सभक शान सदा वढत ई हमर उदगार
सोच वना सव साथ चलू पायव सव सत्कार॥२॥
ज्ञानी जन स भरल सभा में सव करु जयकार
सव,तन,मन,धन साथ मे मिटत त अन्धकार॥३॥
सिताराम के जपन करू अई जीवन के आधार
जनक जानकी साथ में विश्व में वढ़ल प्रचार॥४॥
शान, मान सव साथ में मिल करू जय- जयकार
धन्य हमर ई मिथिला नगरी उज्ज्वल के विचार॥५॥



लेखक : उज्ज्वल झा
शिक्षा : स्नातक तह दोस्रो जारी
अस्थायी ठेगाना : जनकपुरधाम.४

## मुक्तक

मंदिरमस्जिद जानेलाई भगवान भेटाउँछ अचम लाग्छ
भय लोभले पनि उनलाई नै सताउँछ अचम लाग्छ
ईश्वरलाई भेटिनुभन्दा ईश्वर जस्ता कामहरु गर्नुपर्छ
मरेर गएपनि उसलाई नै अमर बनाउँछ अचम लाग्छ
दाइजो लेनदेनले विवाह व्यपारका कुरा बन्दैंछ
व्यक्तिगत कुरोहो तर समाजसरकारका कुरा बन्दैंछ
विवाह त मुक्तिदायी हुनुपर्दछ न कि बन्धनदायी
एक अर्कालाई तार्नुपर्ने हो तर भारका कुरा बन्दैंछ
सङ्घर्ष रहेछ जिंदगीबाट जिंदगी तर्न सबैलाई
एकपछि अर्को पाईला टेक्नैपर्छ बढन् सबैलाई
यो जिवनको सिमा रहेछ यौटा समय सिमित छ
चाहिन्छ नै उज्याला सही मार्गमा सर्न सबैलाई



प्रमोद महतो
बसन्तपुर, सर्लाही

## आज कता गयो

तिम्रो मेरो नाता सब आज कता गयो
जिवन भरी साथ दिने बांचा कता गयो
जन्मौ जन्मको कुरा गर्थ्यौ आज छाडी गयौ
हामी बिचका खुशी सब आज कता गयो
ओइलाए गए खुशी सब कस्लाई मैले भनु
रोउ भने आसु छैन आज हांसो कता गयो
झुठो माया रैछ क्यार मनमा सांची राखे
चोंखो माया सांची राख्ने बिश्वास कता गयो
तिम्रो मेरो नाता सब आज कता गयो
जिवन भरी साथ दिने बांचा कता गयो



नामःराजन कुमार महातो
घरःक्षिरेश्वरनाथ नगरपालिका सीतानगर-८

## गजल

जता जाउ जे गरू साथ दिने छाया छ
जता सुकै जाउ म मात्र उनकै माया छ
मैले टेक्ने धर्ति पनि ढुङ्गा,माटो उहीँ छ
फरक हैन जुनि जाने पिरति लाग्या छ
कच कच गरि सधै सधै बस्नै दिन्न अरे
यस्तै गरि सधै भरि दिमाग चाट्या छ
पसिनाको मोल छैन फुटिजाने मुल हैन
बगिञ्जाने आँसु सित सुःख साट्या छ
केश फुले जवानिको,धर्ति पनि उहीँ नैछ
आकाशको कालो बादल मात्र फाट्या छ
अकाशमा गढ्याङ गुडुङ्ग सहर गर्ज्या छ
के भएर उनको प्रितमा हलचल चल्या छ



प्रविन कुमार यादव

## ‘हामी तीन भाई’ को मुहूर्त, को-को छन् कलाकार ?

काठमाण्डु । स्वर्गीय निर्देशक शिव रेग्मीद्वारा निर्देशित सुपरहिट फिल्म ‘हामी तीन भाई’ शीर्षकमा करिब दुई दशकपछि फेरि एकपटक फिल्म निर्माण हुने भएको छ। मधुसुदन भट्टराईको निर्देशनमा बन्न लागेको फिल्मको शुक्रबार गोर्खाको मनकामना मन्दिरमा स्क्रिप्ट तथा क्ल्याप पूजा गर्दै मुहूर्त गरिएको छ । फिल्मको छायांकन आगामी साउन १० गतेबाट सुरु हुने निर्देशक भट्टराईले जानकारी दिए ।

फिल्ममा विनोद न्यौपाने, कुशल बिष्ट, जाहान्वी बस्नेत, राजाराम पौडेल, रवीन्द्र झा, बिष्णु सापकोटा हर्के हवल्दार, दीपक बिडारी, फलित राई, तारा शर्मा, भुवन कुमार काफ्ले, नयन कला फुयाँल, पवन केसीको अभिनय रहनेछ । फिल्मका लागि दुई अभिनेत्री अझै छनोट गरिने बताइएको छ। निर्देशक भट्टराईको कथा रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् ।

साजित महत प्रस्तुतकर्ता, विक्रम तामाङ कार्यकारी निर्माता, त्रिरत्न श्रेष्ठ निर्माता र प्रतिमा थापा पोखरेल र भक्तलाल श्रेष्ठ फिल्मको सह-निर्मातामा छन् । प्रसिद्ध सिने



आर्टस्को ब्यानरमा बन्न लागेको फिल्ममा शिव ढकालको छायांकन, बनिष शाहको सम्पादन, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व, एसबी सापकोटाको संगीत तथा एलिस कार्कीको पार्श्व संगीत रहनेछ ।

## ‘बगान’ को खचाखच प्रिमियर र हलको सिढीमा सरोज खनाल

काठमाण्डु । नेपाली फिल्मको प्रिमियर खसी-बाख्राको गोठभन्दा पनि अव्यवस्थित हुन्छ । फिल्मको टिमका सदस्यले प्रिमियरको नाममा आफ्नो सातपुस्ते बलाउँछन् । र, ती सातपुस्तेले अरु सातपुस्ता लिएर पुग्छन् । अनि प्रिमियर कम, पारिवारिक शो बढी हुन्छ । प्रिमियरमा पुगेका फिल्मकर्मीहरु भने सिट अभावले हलको सिढीमा नै बस्न बाध्य हुन्छन् । कति प्रिमियरमा त सिढीमा बस्ने समेत ठाउँ हुँदैन ।

बुधबार काठमाडौंको वान सिनेमाजमा आयोजित फिल्म ‘बगान’को प्रिमियर पनि भद्रगोलको एउटा नमुना थियो । सिट क्षमताभन्दा बढी अतिथिहरु उपस्थित हुँदा फिल्म सुरु नहुँदै हलको सिढी समेत भरियो । धेरै फिल्मकर्मी र पत्रकारले सिढीमै बसेर फिल्म हेरे । यतिसम्म कि फिल्मका निर्देशक तथा अभिनेता सरोज खनालले पनि । त्यसैले सिढीमा बस्नुपर्दाको चित्तदुखाई भने कसैले गरेनन् ।

फिल्म सुरु भैसकेपछि निर्देशक तथा वितरक अशोक शर्मा आइपुगेका थिए । उनी बस्नलाई सिट खोज्दै थिए ।

तर, सरोज खनाल नै सिढीमा बसेको देखेपछि उनी पनि सिढीमै बस्न खोजे । त्यसबेला निर्देशक खनालले एकजना व्यक्तिलाई सिट छोड्न आग्रह गरे र त्यहाँ अशोक शर्मालाई बसाले । आफू सिढीमा बसेरै भए पनि आफ्ना अतिथिप्रति उनले देखाएको सदासयता प्रशंसनीय थियो ।रासस

## गजल

कहिले दिन कहिले रात हुन्छ
यहाँ चोर फटहा को बात हुन्छ
देश भाष्टाचारीको भुमरी मा परेका छन
तर भलादमी को घरमा चेक जाच हुन्छ
जसले गर्छन बलात्कार खुलेआम घुमेका रहेछ
तर ति अपराधी को मान्य मंत्री ज्युका साथ हुन्छ
लुटेराहरू ले गरीब लाई मात्र लुटन जाने छ
तर पुलिस प्रसासन हेरेर पनि चुपचाप हुन्छ
अब कुन नेता लाई गरौं आश विश्वास
जो आए पनि भाष्टाचारीको जात हुन्छ



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल मरुभुमी देश
दोहा कतार

## गजल

अहिले न सोचे जस्तो जिन्दगी छ,
न त सोचे जस्तो सफलता
खराब समय र परिस्थितिले बताउछ
को आफ्नो अनि को पराइ भनेर
नजिकिँदैमा,आफ्नो पन देखाउदैमा र
बोलि र ब्यवहारले ठिक्क पार्दैमा कोहि पनि आफ्नो हुदैन..



नामः-इन्द्रजीत गोइत
जनकपुरधाम (धनुषा)

## सारुक आत्महत्या प्रकरण : मलिनाले गरिन् उचित छानबिनको माग

काठमाण्डु। गत बिहीबार निजी निवासमा मृत अवस्थामा भेटिएका अभिनेता सारुक ताम्राकारको



आत्महत्या प्रकरणमाथि प्रश्न उठ्न थालेको छ। सामाजिक सञ्जालमा एक महिला पात्रको नाम बारम्बार आइरहेको छ भने सेलिब्रेटीहरुले सारुकको न्यायको माग गरिरहेका छन् । मंगलबार अभिनेत्री सृष्टि श्रेष्ठले इन्स्टाग्राममा सारुकको एउटा तस्विर पोस्ट गर्दै ‘सत्य र न्यायको जित हुन्छ’ भनेर लेखेकी थिइन् ।

यस्तैमा, बिहीबार इन्स्टा स्टोरीमामा एक नोट लेख्दै अभिनेत्री मलिना जोशीले सारुकको आत्महत्या प्रकरणको उचित छानबिनको माग गरेकी छन् । उनले आधा दर्जन बढी प्रश्न गर्दै लेखेकी छन्, ‘उसलाई के हुन सक्थ्यो र ? के कारणले ऊ यो निर्णय लिन बाध्य भयो ? उसको अन्तिम दिनमा ऊसँग को-को थिए ? के भएको थियो अन्तिम कुराकानीमा ? उसको अन्तिम कल कोसँग थियो ?’

सारुकले आफ्ना नजिकका महिला साथीहरूसँगको सम्बन्ध किन तोड्यो ? के ऊमाथि नराम्रो व्यवहार भएको थियो ? के ऊमाथि दुर्व्यवहार भएको थियो ? के उसलाई अपमानित गरिएको थियो ? भन्दै उनले प्रश्न गरेकी छन् । उनले उचित छानबिनको माग गर्दै भएको के हो त्यो सबैले जान्न पाउनुपर्ने उल्लेख गरेकी छन् । उनको पोस्ट अभिनेत्री स्वस्तिमा खड्काले पनि सेअर गरेकी छन् ।

## ‘एक भगवत् गीता’ को टिजरमा कमलामाई अवतारमा विपिन

काठमाण्डु । फिल्म ‘भगवत् गीता’ शीर्षकको अगाडि ‘एक’ शब्द थप्दै टिजर सार्वजनिक गरिएको छ । शुक्रबार युट्युबमा सार्वजनिक १ मिनेट ३२ सेकेण्डको टिजरमा अभिनेता विपिन कार्कीको लुक्स र भूमिकाले ‘सरप्राइज’ बनाउन सक्छ । ट्रान्सजेन्डर महिलाको भूमिकामा उनी प्रस्तुत छन् । टिजरमा उनलाई कमलामाई अवतारमा चित्रण गरिएको छ । विपिनको चरित्र हिंसात्मक भावको देखिएको छ ।

टिजर जनकपुरधामस्थित जानकी मन्दिरबाट सुरु छ । अभिनेत्रीसुहानाथापाडराएकोभावमा देखिएकी छन् भने अभिनेता धिरज मगर गुरुङ परिहनमा प्रस्तुत छन् । उनीहरुले कम ‘स्क्रिन स्पेश’ पाएको टिजरमा विपिन कार्की हाइलाइटमा छन् । वेश्यालयको कथालाई फिल्मले उठाएको हुनसक्ने टिजरबाट बुझाउँछ । विपिनको लुक्सले नै फिल्मप्रति दर्शकमा



कौतुहलता बढाउन सक्छ । झरना थापाद्वारा निर्देशित फिल्ममा कबीर खड्का, जेविस र जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुरलगायतको पनि अभिनय छ ।

सुनिल कुमार थापाको निर्माण रहेको फिल्मको कथा निर्देशक थापा स्वयंको हो । झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा रहेको फिल्ममा परिक्षेद र पुरुषोत्तमको संवाद छ । राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफी तथा शैलेश श्रेष्ठको ब्याकग्राउण्ड स्कोर रहेको फिल्मको निर्माता सुहाना थापा हुन् । झरनालाई ‘ए’ शब्द फापेको छ । उनी निर्देशित ‘ए मेरो हजुर’का तीनटै सिरिज सफल भएका थिए । यसैले उनले ‘भगवत् गीता’मा पनि ‘ए’ शब्द राखेकी हुन् । फिल्म भदौ २९ गते प्रदर्शन हुँदैछ ।

## जीवनका पाच तितो सत्यः

१. आमा बाहेक यो संसारमा केहि पनि छैन
वास्तविक पनि छैन।
२. गरिबको कोही वास्तविक साथी हुँदैन।
३. आज पनि दुनियाँले राम्रो सोच्छ राम्रो अनुहारलाई
महत्व दिदैन।
४. सम्मान केवल पैसा को लागी हो, यो मान्छे को
लागी हो।
५. उसले प्रायः जसलाई आफूले सबैभन्दा नजिक
ठान्छ तिनीहरूलाई धोका दिन्छ।
लेखक :कमलेश यदव
ाचयक वबलबपउगचमजक



नामः-इन्द्रजीत गोइत
जनकपुरधाम (धनुषा)

# राष्ट्रियसभाबाट आर्थिक विधेयक, २०८० पारित



काठमाण्डु । राष्ट्रियसभाको शुक्रबारको बैठकले आर्थिक विधेयक, २०८० पारित गरेको छ ।

अर्थमन्त्री डा प्रकाशशरण महतले राष्ट्रियसभाको शुक्रबारको बैठकमा 'प्रतिनिधिसभाबाट सुझावसहित प्राप्त उक्त विधेयक २०८० लाई मूलरूपमै सुझावबिना पारित गरी प्रतिनिधिसभामा फिर्ता पठाइयोस्' भन्ने प्रस्ताव पेस गर्नुभएकामा बहुमतले उक्त प्रस्ताव पारित गरेको हो ।

आर्थिक विधेयक राष्ट्रियसभाबाट संशोधन बिना मूल रुपमै पारित भएको छ । राष्ट्रियसभाका सांसदहरूले सुर्तीजन्य वस्तुमा कर बढाउने प्रस्ताव पेस गर्नुभए पनि उक्त प्रस्ताव अस्वीकृत भएको थियो ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा राष्ट्र ऋण उठाउने विधेयक २०८० पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्ने पनि कार्यसूची रहेको छ ।

राष्ट्र ऋण उठाउने विधेयक राष्ट्रियसभाबाट पारित

राष्ट्र ऋण उठाउने विधेयक, २०८० राष्ट्रिय सभाबाट पारित भएको छ ।

अर्थमन्त्री डा प्रकाशशरण महतले राष्ट्रियसभाको शुक्रबारको बैठकमा 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई मूलरूपमै सुझावबिना पारित गरी प्रतिनिधिसभामा फिर्ता पठाइयोस्' भन्ने प्रस्ताव पेस गर्नुभएको थियो । उक्त प्रस्ताव बहुमतले स्वीकृत गरेको हो ।

विधेयकमाथिको दफाबार छलफलमा सांसदहरूले सार्वजनिक ऋण बढ्दै गएको र कूल गार्हस्थ्य उत्पादन (जिडिपी) अनुपातमा सार्वजनिक ऋणको प्रतिशत बढिरहेकाले त्यस्तो ऋणको उपादेयता र प्रयोगमाथि प्रश्न उठाउनुभएको थियो । सार्वजनिक ऋणलाई उत्पादनमूलक क्षेत्रमा लगाई पूँजी सिर्जना गरिनुपर्ने सुझाव उहाँहरूले दिनुभएको थियो । उक्त बैठकले आर्थिक विधेयक, २०८० पनि पारित गरेको थियो ।

**प्रतिनिधिसभामा राष्ट्रियसभाको सन्देश प्रस्तुत**

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा विभिन्न तीन विधेयकका सन्दर्भमा राष्ट्रियसभाबाट प्राप्त सन्देश प्रस्तुत गरिएको छ ।

सभाका सचिव पद्यमप्रसाद पाण्डेयले प्रतिनिधिसभामा उत्पत्ति भएको 'विनियोजन विधेयक, २०८०', 'आर्थिक विधेयक, २०८०' र 'राष्ट्र ऋण उठाउने विधेयक, २०८०' का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देश प्रस्तुत गर्नुभएको हो ।

राष्ट्रियसभाको शुक्रबारको बैठकले ती विधेयक पारित गरेको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही असार ३१ गते आइतबार दिनको १ बजे बस्नेछ । रासस

# सांस्कृतिक एकताको प्रवर्द्धनमा भानुभक्तको विशिष्ट योगदान : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको संस्कृतिक एकताको प्रवर्द्धन तथा नेपाली भाषाको विकासमा आदिकवि भानुभक्त आचार्यको विशिष्ट योगदान रहेको बताउनुभएको छ ।

भानु जयन्तीका अवसरमा शुक्रबार नेपाल प्रज्ञा प्रतिष्ठानको सहयोगमा भानु प्रतिष्ठानले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सम्पर्क भाषा बनेको नेपाली भाषालाई घरघरमा स्थापित गराउन भानुभक्तको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभएको हो ।

"भानुभक्तले नेपालको सांस्कृतिक एकताको प्रवर्द्धन गर्नुभयो । शुक्रबार नेपालीमात्र होइन, नेपाली मूलका सबै विदेशी नागरिकले पनि भानुजयन्ती मनाउँछन्", उहाँले भन्नुभयो, "भानुलाई सम्झेर नेपालसँग कुनै न कुनै प्रकारको साइनो, सम्बन्ध र एकताको भाव पैदा हुन्छ । सांस्कृतिक एकताका निम्ति भानुको योगदान अविष्मरणीय छ ।"

उपप्रधानमन्त्री श्रेष्ठले नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्न भानुभक्तबाट पनि प्रेरणा लिनुपर्ने उल्लेख गर्नुभयो ।

"आदिकवि भानुभक्त आचार्य हाम्रो राष्ट्रिय विभूति हुनुहुन्थ्यो । हामी सबैको हृदयमा भानुभक्त अङ्कित छ, भानुभक्तले नेपालीमा रामायण लेख्नुभयो, रामायण सबैको मुखमुखमा पुग्यो, त्यस कारणले पनि हामी उहाँलाई स्मरण गर्छौं", उहाँले भन्नुभयो, "तर त्यतिमात्र होइन, उहाँले हामी सबैको शुक्रबार मुख्य सम्पर्क भाषा बनेको, हामी सबैलाई जोड्ने माध्यम बनेको नेपाली भाषालाई स्थापित गर्न र घरघरमा पुऱ्याउन महत्वपूर्ण योगदान पुऱ्याउनुभयो ।"



भानुभक्तले न्याय र जीवनको सार्थकताको पक्षमा आवाज उठाउनुभएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले जीवनको सार्थकता हरेकलाई बोध गराउन तथा न्यायको पक्षमा भूमिका निर्वाह गर्न प्रेरित गर्नुभएको स्मरण गराउनुभयो ।

"शुक्रबार विश्वका साथै नेपालमा पनि उपभोक्तावाद जबर्जस्तरूपमा अगाडि बढिरहेका बेलामा यो जीवन केका लागि ? धनी भईकन मैले पनि समाजलाई केही गर्न सकिनँ, मेरो जीवनको के काम, एउटा घाँसीले केही गरिराखेको छ, मैले केही गर्न सकिनँ भन्नुभयो", उहाँले भन्नुभयो, "यो सामान्य घटनाजस्तो लाग्छ । हाम्रो नेपाली समाजलाई चेतनशील बनाउन, जीवनको सार्थकता हरेकलाई बोध गराउन, सामाजिक कर्तव्य निर्वाह गराउन र न्यायको पक्षमा भूमिका निर्वाह गर्न उद्घोष गर्नुभयो ।"

जीवनको सार्थकता र मूल्यबोध गर्ने विषयमा मनन गर्न आवश्यक रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले जीवनको सार्थकतालाई ग्रहण गर्न भानुभक्तबाट सिक्नुपर्ने बताउनभुयो । "हामी व्यक्तिगत स्वार्थमा केन्द्रित हुने, व्यक्तिगतरूपमा कसरी सुविधाभोगी जीवन बिताउने भन्नेमा मात्रै केन्द्रित हुँदा हाम्रो देश र आफ्नो जीवन बर्बाद हुने खतरा हुन्छ", उहाँले भन्नुभयो, "आफ्नो जीवन बचाउने हो भने समाज र राष्ट्रलाई अगाडि बढाउने हो भने पनि जीवनको सार्थकतालाई बोध गर्न भानुभक्तबाट प्रेरणा लिन आवश्यक छ ।"

नेपालको पहिचान र गौरव कायम गर्न, नेपाली हुनाको गौरव स्थापित गर्न र भानुभक्तले निर्वाह गर्नुभएको भूमिका कायम राख्नका लागि राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता, अखण्डता र स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकतालाई सुदृढ बनाउनु आवश्यक रहेको उपप्रधानमन्त्री श्रेष्ठले बताउनभुयो ।

"भानुभक्तले आवाज उठाउनुभएको सुशासनको पक्षमा हामीले काम गर्नुछ । सरकारले सामाजिक न्यायसहित समृद्धिको लक्ष्य हासिल गर्नका लागि राष्ट्रिय विभूतिबाट शिक्षा ग्रहण गरी त्यसबाट प्रेरणा लिँदै सुशासन स्थापना गर्ने मुख्य कार्यभारका साथ सरकारले काम गरिरहेको छ", उहाँले भन्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले भानुभक्तले भाषा एकीकरणका सम्बन्धमा क्रान्तिकारी योगदान गर्नुभएको बताउनुभयो । सम्पर्क भाषाका रूपमा नेपाली भाषाको विकास हुनुमा उहाँको अतुलनीय योगादन रहेको उहाँको भनाइ थियो ।

"भोलि भनेर टार्ने राणाकालीन प्रशासनिक र न्यायप्रणालीको ढिलासुस्तीमाथि त्यो जमानामा भानुभक्तले व्यङ्ग्य गर्नुभएको थियो । भानुभक्तले कवितामार्फत गर्नुभएको प्रहार चानचुने साहस थिएन", उहाँले भन्नुभयो । शुक्रबार पनि नेपालमा भोलिवाद भन्ने परम्परा कायम रहेको भन्दै उहाँले के हामी भोलिवादबाट मुक्त छौँ ? भनी प्रश्न गर्नुभयो । मन्त्री किराँतीले भन्नुभयो, "मलाई लाग्छ, अहिले पनि हामी भोलिवादबाट मुक्त छैनौँ, भोलिवादलाई समाप्त गरेर देश र जनताप्रति समर्पित हुने संस्कृति हामीलाई चाहिएको छ ।"

भोलिवादलाई समाप्त गर्ने दायित्व हामी सबैको काँधमा आएको उल्लेख गर्दै मन्त्री किराँतीले भानुभक्तको औचित्य शुक्रबार पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो । कार्यक्रममा विभिन्न साहित्यिक व्यक्तित्व तथा संस्थालाई सम्मान गरिएको थियो । रासस

# सुशासनका लागि दल र सञ्चार जगतबीच सहकार्य हुनुपर्छ : पौडेल

काठमाण्डु । प्रतिनिधिसभाका सदस्य एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले सुशासन कायम गर्न राजनीतिक दलसँगै पत्रकारिता जगत्ले पनि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस) को केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित नेपाल प्रेस युनियन रासस प्रतिष्ठान शाखाको चौथो अधिवेशनमा उहाँले राजनीतिक दलसँगै पत्रकारिता क्षेत्रले सुशासन कायम गर्न सहकार्य गर्नुपर्ने बताउनुभयो ।

"कुनै पनि सन्दर्भमा भ्रष्टाचार स्वीकार्य हुँदैन । भ्रष्टाचारमा शून्य सहनशीलताको नीति निर्माण गर्न नसकेसम्म सुशासन कायम गर्न सकिँदैन", उहाँले भन्नुभयो, "त्यसैले सुशासन कायम गर्ने सन्दर्भमा पत्रकारिता क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ ।"



नागरिकको समस्या र आवश्यकताका विषयमा आम सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्नेमा जोड दिँदै उहाँले अधिवेशनबाट आउने नयाँ नेतृत्वलाई राजनीतिक निकटताभन्दा पनि वर्गीय हितमा केन्द्रित रहन सुझाव दिनुभयो ।

कार्यक्रममा राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले कर्मचारीको क्षमता अभिवृद्धिमा आफूले विशेष ध्यान दिएको बताउनुभयो । "राससलाई २१औँ शताब्दी सुहाउँदो र प्रतिस्पर्धी समाचार एजेन्सी बनाउने काम गरिरहेका छौँ । पछिल्लो समय बहुभाषामा समाचार सम्प्रेषण गर्ने तयारी भइरेको छ", उहाँले भन्नुभयो ।

राससका महाप्रबन्धक सिद्धराज राईले राससले पछिल्लो समय कर्मचारीको वृत्तिविकास र संस्थाको हितमा राम्रा काम अघि बढाएको बताउनुभयो । राससका पूर्वअध्यक्ष कुलचन्द्र वाग्लेले संस्थाले सरकारबाट जति अनुदान प्राप्त गरिरहेको छ, त्यसको तुलनामा कर्तव्य र जिम्मेवारी अब्बल ढङ्गले पूरा गरिरहेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले नागिरक अभिव्यक्तिलाई प्राथमिकता दिन सुझाव दिनुभयो । यस्तै, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले पत्रकारको सीप र क्षमता अभिवृद्धिमा जोड दिनुभयो ।

युनियन राससका कार्यवाहक अध्यक्ष पूर्णप्रसाद मिश्रले प्रेस स्वतन्त्रता, विधिको शासन र श्रमजीवि पत्रकारको हकहितका लागि प्रेस युनियनले स्थापनाकालदेखि निरन्तर काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रासस प्रतिष्ठान शाखाका अध्यक्ष पवित्रा गुरागाईं, प्रेस चौतारी रासस शाखाका पूर्वअध्यक्ष कालिका खड्का र प्रेस सेन्टर नेपाल रासस शाखाका अध्यक्ष रत्नकृष्ण श्रेष्ठले पत्रकारिता क्षेत्रका साझा चुनौतीलाई उठान गर्दै समाधानका लागि सबै संस्था एक हुनुपर्नेमा जोड दिनुभयो ।

**प्रधानमन्त्री प्रचण्डलाई राष्ट्रपति पौडेलको समवेदना सन्देश**

राष्ट्रपति रामचन्द्र पौडेलले पत्नी शोकमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई समवेदना सन्देश पठाउनुभएको छ । राष्ट्रपति पौडेलका तर्फबाट राष्ट्रपति कार्यालयका सचिव तथा उहाँको सचिवालयमा रहनुभएका पदाधिकारीले शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर समवेदना सन्देश हस्तान्तरण गर्नुभएको हो ।

प्रधानमन्त्री प्रचण्डकी धर्मपत्नी एवं महिला नेत्री सीता दाहालको ६९ वर्षको उमेरमा बुधबार बिहान भएको असामयिक निधनले आफूलाई अत्यन्तै दुःखी बनाएको राष्ट्रपतिको समवेदना सन्देशमा उल्लेख छ ।

समाज रूपान्तरणका क्रममा भएका सशस्त्र सङ्घर्षलगायत सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि भएका आन्दोलनमा सीताको भूमिका महत्वपूर्ण रहेको राष्ट्रपति पौडेलको सन्देशमा उल्लेख छ । "समाज रूपान्तरण र राजनीतिक परिवर्तनमात्र नभएर सम्माननीय प्रधानमन्त्री दाहालको राजनीतिक छवि एवं कदलाई सफलतापूर्वक यो उचाइसम्म ल्याउन विगतका कष्टकर दिनहरूमा सीताको साथ तथा सहयोग उदाहरणीय र अनुकरणीय छ", सन्देशमा भनिएको छ ।

राष्ट्रपतिले स्व सीताको आत्माको चिरशान्तिको कामनासहित उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्नाका साथै दुःखको यस घडीमा प्रधानमन्त्री, शोकसन्तप्त परिवारजन तथा शुभेच्छुकप्रति समवेदना प्रकट गर्नुभएको छ । रासस

# परराष्ट्रमन्त्री साउद र सहायक विदेशमन्त्री लुबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री एनपी साउद र संयुक्त राज्य अमेरिकाको दक्षिण तथा मध्यएसिया मामिला हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लुबीच भेटवार्ता भएको छ ।

मन्त्रालयमा शुक्रबार भएको भेटवार्तामा उहाँहरूबीच अमेरिकी अनुदान सहायता परियोजना (एमसीसी) कार्यान्वयनबारे छलफल भएको मन्त्रालयले जनाएको छ ।सो अवसरमा सन् २०२६ मा नेपाल अल्पविकसित मुलुकको सूचीबाट स्तरोन्नति हुने र सोपश्चात् पनि अमेरिकाबाट नेपाललाई प्राप्त हुने सहयोगलाई निरन्तरता दिने विषयमा उहाँहरूबीच छलफल भएको थियो । साथै द्विपक्षीय हितका विविध विषयमा विचारविमर्श भएको मन्त्रालयले जनाएको छ ।

सो अवसरमा परराष्ट्रमन्त्री साउदले अमेरिकाबाट प्राप्त नियमित सहयोग र कोभिड-१९ को सङ्कटमा प्राप्त भएको विशेष सहयोगका लागि अमेरिकाप्रति कृतज्ञता व्यक्त गर्नुभयो ।



सहायक विदेशमन्त्री लुले विकासका आकांक्षा पूरा गर्ने सन्दर्भमा पुरानो विकास साझेदारको नाताले नेपाललाई अमेरिकाको सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले अमेरिकामा ठूलो संख्यामा रहेका नेपाली समुदायले अमेरिकी अर्थतन्त्रमा पुर्याएको योगदान र उनीहरूले हासिल गरेको प्रगतिको प्रशंसा गर्नुभयो । सो अवसरमा उहाँहरूबीच दुई देश बीचको लामो मित्रवत् सम्बन्धको परिप्रेक्षमा उच्चस्तरीय भ्रमणको आदान-प्रदानको महत्त्वबारे चर्चा भएको थियो ।

# सभापति देउवासँग अमेरिकी सहायक विदेश मन्त्री लूको भेटवार्ता

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासँग संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्य एसिया हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लूले शिष्टाचार भेट गर्नुभएको छ ।

एक दिने नेपाल भम्रणका लागि शुक्रबार यहाँ आइपुग्नुभएका सहायक विदेशमन्त्री लूले सभापति देउवासँग उहाँकै निवासमा भेटवार्ता गर्नु भएको हो ।



सभापति देउवाले लूसँग नेपाल-अमेरिका सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा रचनात्मक छलफल गर्नु भएको उहाँको सचिवालयले जनाएको छ ।

सो अवसरमा सभापति देउवाले नेपालको शान्ति, प्रजातन्त्र र विकास प्रवर्द्धनमा अमेरिकाको अटल सहयोग रहिआएकोमा आभार व्यक्त गर्नुभयो ।

सहायक विदेशमन्त्री लूले भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र परराष्ट्रमन्त्री एनपी साउदसँग भेटवार्ता गर्नुहुनेछ । रासस


## श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालय

**जनकपुरधाम उ.म.न.पा.–२३, विन्धी (धनुषा)**

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री त्रिभुवन आदर्श मा.वि. विन्धी जनकपुरधाम-२३, धनुषाको नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डबरा (२०८०।०४।०१-२०८५ आषाढ मसान्त) ५ वर्षको लागि निम्न शर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धित इच्छुक व्यक्तिहरुलाई ठेक्का लागि फारम भर्न अनुरोध गरिन्छ ।

| क्र. स. | ठेगाना | कि.नं. / क्षे.फ. | न्यूनतम वार्षिक रकम | प्रयोजन | टेन्डर खरिद फारम दस्तुर | फारम वितरण मिति | फारम दर्ता अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | जि.ध. जनकपुरधाम उ.म.न.पा.-२३ | ३२३/ १-१२-१२ | १७,७५,२२२/– | माछा पालन | ५००/– | २०८०।३।२७ देखि २०८०।०४।१ सम्म | २०८०।०४।०२ विहान १० बजेदेखि दिउँसो १ बजेसम्म | |
| २. | जि.ध.जनकपुरधाम उ.म.न.पा.-२३ | ४७/ ०–१६–१५ | १,६६,५००/– | माछा पालन | ५००/– | | टेन्डर खुल्ने समय २०८०।०४।०२ गते दिउँसो २:३० बजे | |

**आवश्यक कागजात**

**क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, बैंकको भाउचर**

१. कवोल गरेको ५ वर्षको कूल रकमको ५% रकम विद्यालयको ने. बैंक लि. हि.नं. ००८००१००४६४१६४००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नाम कै हुनुपर्छ ।
३. ठेक्का स्वीकृत भएको मितिले (सात) दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धन जमानतको आवश्यक कागजातसहित चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ । धनजमानी प्रक्रिया समाप्त भएपछि चलन पूर्जीको प्रक्रिया अगाडि बढाइनेछ । समयमा निवेदन नदिए ठेक्का धरौटी रकम जफत गरी सो भन्दा घटी वालाको नाममा ठेक्का स्वीकृत हुनेछ ।
४. कबोल गरेको रकमको कम्तीमा तीन वर्ष बमोजिम रकमको धन जमानी राख्नु पर्नेछ ।
५. पहिलो किस्ता समाप्त हुनु १ महिना अगाडी अर्को किस्ताको रकमको बैंक भौचर सहित अर्को सालको चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ ।
६. तीन भन्दा कम टेण्डर भरिएमा टेण्डर खोल्ने मिति सारिनेछ । थप टेण्डर भर्न समय दिइनेछ ।
७. विद्यालयको रकम बाँकी रहेको व्यक्तिको नाममा ठेक्का स्वीकृति हुने छैन ।
८. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सम्पर्क नं.** ९८४४०२१२०९, ९८४४०२१८४५

**प्रधानाध्यापक**

# प्रधानमन्त्री मोदी, भाजपा र एनडीए विरुद्धको 'विपक्षी एकता' को चर्चा एकाएक गायब

**बीबीसी**

पटना । बिहारको राजधानी पटनामा देखिने विपक्षी एकताप्रतिको उत्साह एकाएक किन हराइयो ?

के आम आदमी पार्टीका अरविन्द केजरीवालको अवस्थाले यो एकता बन्नुअघि नै बिगारेको छ? वा विपक्षी दलहरूको आफ्नै समस्याले यो एकताको सम्भावनालाई बाधा पुऱ्याएको छ?

बिहारका मुख्यमन्त्री नितिश कुमारले २०२४ को लोकसभा चुनावमा भाजपा र नरेन्द्र मोदीलाई चुनौती दिन धेरै महिनादेखि प्रयास गरिरहेका छन्। गत महिना २३ जुनमा पटनामा भएको १५ विपक्षी दलको बैठकलाई यस सन्दर्भमा ठूलो सफलता मानिएको थियो।

पटना बैठकपछि विपक्षी दलहरूको दोस्रो बैठक जुलाई १० देखि १२ सम्म शिमलामा बस्ने निर्णय गरियो, जसमा राज्यहरूमा लोकसभा सिटको बाँडफाँडबारे छलफल हुनेछ।

यो बैठकको जिम्मेवारी कांग्रेसलाई सुम्पिएको छ । शिमलाको यो बैठक पहिले नै तय भइसकेको छ र अब यो बैठक १७ र १८ जुलाईमा बेंगलुरुमा हुनेछ। यसैबीच, राजद नेता लालुप्रसाद यादवले पनि बेंगलुरुमा १७ दलहरू एकजुट भएको दाबी गरेका छन्। लालु यादवले भने, "उनीहरू (भाजपा) जे भन्न चाहन्छन्, भनिरहन्छन्, उनीहरू छाड्ने भएकाले छलफल होस् भन्ने चाहँदैनन्।"

वास्तवमा विपक्षी एकताको छलफल रोकिएपछि मात्रै विपक्षी एकतामाथि प्रश्न उठेको छ । तर, यो प्रश्न पटनाको बैठकपछि मात्रै सुरु भएको हो । त्यसबेला आम आदमी पार्टीले एक विज्ञप्ति जारी गरी असन्तुष्टि व्यक्त गरेको थियो।

**पहिलो दरार**

गत महिनाको २३ तारिखमा पटनामा भएको बैठकपछि अरविन्द केजरीवालले दिल्ली अध्यादेशको विषयमा कांग्रेसले आफ्नो अडान सार्वजनिक नगरेसम्म आम आदमी पार्टी कांग्रेसको कुनै पनि बैठकमा सहभागी नहुने शर्त राखेका थिए। पनि उपस्थित हुनेछन्

तर, पटनाको बैठकमा कांग्रेसले दिल्लीको अध्यादेशको विषयमा आम आदमी पार्टीलाई समर्थन गर्ने कुरा गरेको थियो । तर आम आदमी पार्टीले कांग्रेसले सार्वजनिक रूपमा घोषणा गर्नुपर्ने भनेको छ। अब बेंगलुरु बैठक अघि पनि आम आदमी पार्टीले त्यही शर्त दोहोऱ्याएको छ।

**आफ्नो शर्त**

आपका राज्यसभा सांसद सञ्जय सिंहले बीबीसीलाई भनेका छन्, "यस मामिलामा हाम्रो अडान स्पष्ट छ। कांग्रेसले दिल्ली अध्यादेशको मुद्दामा हामीलाई पहिले आफ्नो समर्थन सार्वजनिक रूपमा भन्नु पर्छ। हामी कांग्रेसले आफ्नो समर्थन घोषणाको लागि पर्खिरहेका छौं।" " सञ्जय सिंहले दावी गरेका छन् कि कांग्रेसले पटनामा सबै विपक्षी दलहरूका अगाडि संसदको मनसुन अधिवेशनको ज्ञछ दिन अघि दिल्ली सरकारलाई आफ्नो समर्थन घोषणा गर्ने बताएको थियो तर अहिलेसम्म त्यसो नगरेको छ। यो यस्तो विषय हो जसमा कांग्रेस आफैं अलमलमा परेको देखिन्छ । यसको सबैभन्दा ठूलो कारण यो हो कि राज्य स्तरमा धेरै कांग्रेस नेताहरू आम आदमी पार्टीको बारेमा सतर्क छन्।

**कांग्रेसको दुविधा**

आम आदमी पार्टीले कांग्रेसलाई दिल्ली, पञ्जाब र गुजरात जस्ता राज्यहरूमा ठूलो नोक्सान पुर्याएको छ, त्यसैले कांग्रेसले यस मामिलामा ढिलो कदम चालेको छ। कांग्रेस अरविन्द केजरीवालको साथमा उभिए पनि कम्तीमा दिल्ली र पञ्जाबमा धेरै सिटमा आपसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। सन् २०१९ को लोकसभा चुनावको हिसाबले यी दुवै राज्यमा कांग्रेस आप भन्दा राम्रो स्थितिमा रहेको देखिन्छ।

**विपक्षी दलहरूको समस्या महाराष्ट्र संकट**

आम आदमी पार्टी र कांग्रेस बाहेक यस्ता धेरै मुद्दा छन् जसमा विपक्षी एकताको चर्चा एकाएक गायब भएको छ । यसको सबैभन्दा ठूलो कारण महाराष्ट्रमा एनसीपीको विभाजन हो। एनसीपी विभाजनपछि विपक्षी दलका ठूला नेता शरद पवारको शक्तिमा असर परेको छ । वरिष्ठ पत्रकार प्रमोद जोशी भन्छन्, "एनसीपी विरुद्ध अजित पवारको विद्रोहको प्रभाव परेको छ र एक किसिमको आशंका पैदा भएको छ। एनसीपी फुट्दा शरद पवारलाई ठूलो चोट लागेको छ, यसले शरद पवारको आवाज पनि कमजोर बनाएको छ।"

तर, विपक्षी समूह नेशनल कन्फ्रेन्सका नेता तथा जम्मु-कश्मीरका पूर्व मुख्यमन्त्री ओमर अब्दुल्लाले एनसीपीमा यस्तो विभाजन पहिलोपटक नभएको बताएका छन् ।

**पश्चिम बंगालमा समस्याहरू**

मध्यप्रदेशमा कांग्रेस फुट्नुअघि यो प्रक्रिया चलिरहेको छ । ओमर अब्दुल्लाले दावी गरेका छन्, "मलाई विश्वास लाग्दैन कि शरद पवार यसका कारण कमजोर भएका छन्। उनी यसका कारण बलियो भएका छन्। यसको नतिजा जनताले भोट हाल्ने मौका पाएपछि आउनेछ।" अर्कोतर्फ, ममता बनर्जीको पार्टी टीएमसी सांसद सौगता रोयले स्पष्ट बयान दिएकी छिन् कि त:ऋ एक्लै राज्यमा लोकसभा चुनाव लड्न सक्छ, र हामीलाई कुनै विपक्षी एकताको आवश्यकता छैन। यस्ता भनाइले विपक्षी एकतामा समेत धक्का लागेको छ ।

**बिहारमा कस्ता चुनौतीहरू छन्**

बिहारमा पनि विपक्षी एकतामाथि आशंकाको बादल मडारिएको छ । यसको मुख्य कारण लालुप्रसाद यादव रेलमन्त्री हुँदा कथित 'जग्गाका लागि जग्गा' घोटालामा सीबीआईले आरोपपत्रमा तेजस्वी यादवको नाम समावेश गर्नु हो। अहिले बिहारमा उपमुख्यमन्त्रीको पदमा बसेका तेजस्वी यादवको राजीनामा यही विषयमा भाजपाले माग गरिरहेको छ ।

बिहारमा यस्तो अफवाहको बजार तातो थियो कि यो मुद्दामा नितिश कुमार र आरजेडी बीचको दूरी बढ्न सक्छ र यो मुद्दामा जेडीयू टुट्न सक्छ। यद्यपि, सोमबार नितिश र तेजस्वी दुवै बिहार विधान सभाको मनसुन सत्रमा भाग लिन सँगै आएका थिए। जेडीयू नेताहरूले महागठबन्धनमा कुनै मतभेद नभएको कुरा अस्वीकार गरेका छन्।

यसै क्रममा आरजेडी सांसद मनोज झाले पनि बिहारमा कहिल्यै पनि रिसोर्ट राजनीति हुन नसक्ने भन्दै जनताले चिन्ता नलिनुपर्ने बताएका छन् । बिहार पूर्णतया सुरक्षित छ। वरिष्ठ पत्रकार नचिकेता नारायणले यस्तो अड्कलबाजी वा समाचार भाजपालाई पनि मन परेको बताउँछन्, तर नितिश कुमारले राजदसँगको सम्बन्ध तोडे भने उनीसँग भाजपासँग जाने एउटै विकल्प बाँकी छ, जुन अहिले असम्भव देखिन्छ । उता, समाजवादी पार्टीका नेता तथा उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री अखिलेश यादवले विपक्षी नेताहरूको समर्थनमा भनेका छन्, "के भाजपामा सबै एकमत छन्, त्यहाँ इन्जिनले एकअर्कालाई प्रहार गरिरहेका छन्। राजनीतिमा धेरै मानिसहरूका सुझाव र विचार आउँछन्। धेरै भन्दा धेरै दलहरु एकजुट हुने हाम्रो प्रयास रहनेछ।

**भाजपाको तयारी**


विपक्षी दलहरू बैंगलोरमा बैठकको तयारी गरिरहेका बेला भाजपा पनि आफ्नो शक्ति र सहयोगीहरू बढाउने अभियानमा लागिरहेको छ। बिहारमा पनि भाजपाले जितनराम मांझीको पार्टी हिन्दुस्तान अवाम मोर्चालाई उनीहरूसँग एकताबद्ध गर्न सफल भएको छ। वरिष्ठ पत्रकार प्रमोद जोशीका अनुसार लोजपाका चिराग पासवान पनि छिट्टै एनडीएमा सामेल हुने सम्भावना रहेको र उनलाई केन्द्रीय मन्त्री बनाउने खबर पनि बाहिर आएको छ।

प्रमोद जोशी भन्छन्, 'यसले भाजपाको उत्साह पनि बढेको छ र त्यसले पनि महागठबन्धनसँग प्रतिस्पर्धा गर्ने तयारी भइरहेको छ, दुवै दल आ-आफ्नो तयारीमा जुटेका छन्, त्यसैले विपक्षी एकताको चर्चा चलेको छ । अलि कमजोर भयो।" प्रमोद जोशीका अनुसार "कुनै पनि कुरा एकाएक टुङ्गिदैन, समाचार नपाएकोले विपक्षी एकतामा केही भइरहेको छैन भन्ने होइन।" 'नेताको तहमा केही भएको छैन भन्ने कुरामा मलाई विश्वास लाग्दैन, जहाँसम्म समाचारको सवाल छ, कहिले प्रधानमन्त्रीको विदेश भ्रमणका समाचार आउँछन् त कहिले बाढीजस्ता समाचार सञ्चारमाध्यममा आउँछन्, त्यसैले प्रतिपक्षका समाचार आउँछन् । एकता कम देखिन्छ।"

**सम्भावना**

संसदको मनसुन अधिवेशन जुन अगस्ट ११ सम्म चल्नेछ । आम आदमी पार्टी विपक्षी एकतामा सामेल हुने वा नजाने यो बैठकले निर्णय गर्न सक्छ। वरिष्ठ पत्रकार प्रमोद जोशी भन्छन्, "कंग्रेस र आम आदमी पार्टी बीच गतिरोध भएको छ। यद्यपि औपचारिक घोषणा भने भइसकेको छैन, तर बेंगलुरुमा हुने बैठकमा आम आदमी पार्टी सहभागी हुन्छ कि हुँदैन भनेर हामीले हेर्नुपर्नेछ।" आम आदमी पार्टीले कांग्रेससामु जुन शर्त राखेको छ, कांग्रेसले मनसुन अधिवेशनअघि दिल्लीसँग सम्बन्धित अध्यादेशको विषयमा दिल्ली सरकारलाई समर्थन जनाउनु पर्नेछ।

कांग्रेसले पनि आम आदमी पार्टीलाई बैंगलोर बैठकका लागि निमन्त्रणा पठाएको छ । तर दिल्ली अध्यादेशको विषयमा कांग्रेसले सार्वजनिक रूपमा कुनै निर्णय गरेको छैन। यस्तो अवस्थामा कांग्रेस र त्यसपछि आम आदमी पार्टीको अडान केही समयको प्रतीक्षापछि मात्र स्पष्ट हुनेछ । त्यसपछि मात्र यो पनि स्पष्ट हुनेछ कि पटनाको बैठकमा १५ विपक्षी दलहरू उपस्थित भए भने बेंगलुरुमा यो संख्या १४ वा १७ हुनेछ।



# सन् २०३० सम्ममा एड्सको नियन्त्रण सम्भव : राष्ट्रसंघ

**एएफपी**

जेनेभा । संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा 'एड्सको नियनत्रण' अझै सम्भव रहेको बताएको छ तर विश्व नेताहरूले अवसरको सदुपयोग गरेमात्र विश्वको सबैभन्दा घातक महामारी रोक्न सकिने चेतावनी दिएका छन् ।

"एड्सलाई सार्वजनिक स्वास्थ्य खतराको रूपमा अन्त्य गर्न सकिन्छ किनकि यसले लगानी, प्रमाणमा आधारित रोकथाम र उपचारको रोडम्याप, नागरिक समाजलाई सशक्तीकरण र असमानताहरूको सामना गर्न प्रगतिलाई रोक्छ," एचआईभी एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम (यूएनएड्स) ले भनेको छ ।

युएनएड्सले महामारीको अन्त्य राजनीतिक र आर्थिक विकल्प भएको बताएको छ ।

एजेन्सीका कार्यकारी निर्देशक विनी ब्यानिमाले भन्नुभयो, "हामी एड्सको अन्त्य गर्ने बाटोमा अझै पुगेका छैनौं, तर हामी त्यो प्रयासमा सफल हुन सक्छौं ।"

संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा एड्सलाई जनस्वास्थ्यका लागि खतराका रूपमा अन्त्य गर्ने लक्ष्य सन् २०१५ मा लिएको थियो ।

ब्यानिमाका अनुसार एचआईभी अर्थात् एड्स गराउने भाइरसबारे सबैभन्दा ठूलो प्रगति ती देश र क्षेत्रमा भइरहेको छ, जसले कडा लगानी गरेका छन् ।

उहाँले पूर्वी र दक्षिणी अफ्रिकालाई उद्धृत गर्दै भन्नुभयो, "ती मुलुकमा सन् २०१० यता नयाँ एचआईभी सङ्क्रमण ५७ प्रतिशतले घटेको छ ।"

बोत्सवाना, इस्वातिनी, रूवान्डा, तान्जानिया र जिम्बाब्वेले ९५-९५-९५ को लक्ष्य हासिल गरिसकेका छन् । यसको अर्थ एचआईभी सङ्क्रमितमध्ये ९५ प्रतिशतलाई आफ्नो अवस्था थाहा छ । एचआइभी भएको थाहा पाएकामध्ये ९५ प्रतिशत उनीहरूले आफूलाई जीवन बचाउने एन्टी-रेट्रोभाइरल उपचार गराइरहेका छन् । सङ्क्रमितमध्ये ९५ प्रतिशत मानिसहरू सङ्क्रमणलाई दबाउन उपचार गरिरहेका छन् । त्यसैले अरूलाई सङ्क्रमित गर्ने सम्भावना छैन ।

कम्तीमा पनि १६ वटा अन्य देश यो लक्ष्य हासिल गर्ने उद्देश्यको नजिक पुगेका छन् । ९५ प्रतिशतको लक्ष्य हाँशिल गर्ने मुलुकमा ६५ प्रतिशत एचआइभी सङ्क्रमित बसोबास गर्ने उप-सहारा अफ्रिकाका आठ र डेनमार्क, कुवेत र थाइल्याण्डलगायत आठ मुलुक रहेका छन् ।

युएनएड्सले एक प्रतिवेदनमा भनेको छ, "दुई दशकअघि एड्सको महामारी रोक्न नसकिने जस्तो देखिन्थ्यो, हरेक वर्ष २५ लाखभन्दा बढी मानिस एचआईभी सङ्क्रमित हुने र एड्सले वार्षिक २० लाख मानिसको ज्यान लिने गरेको थियो । तर अहिले त्यो चित्र नाटकीय रूपमा फरक छ ।"

> *युएनएड्सले महामारीको अन्त्य राजनीतिक र आर्थिक विकल्प भएको बताएको छ ।*
>
> *एजेन्सीका कार्यकारी निर्देशक विनी ब्यानिमाले भन्नुभयो, "हामी एड्सको अन्त्य गर्ने बाटोमा अझै पुगेका छैनौं, तर हामी त्यो प्रयासमा सफल हुन सक्छौं ।"*
>
> *संयुक्त राष्ट्रसङ्घले सन् २०३० सम्ममा एड्सलाई जनस्वास्थ्यका लागि खतराका रूपमा अन्त्य गर्ने लक्ष्य सन् २०१५ मा लिएको थियो ।*

युएनएड्सका अनुसार सन् २०२२ मा विश्वमा तीन करोड ९० लाख मानिस एचआइभी सङ्क्रमित थिए जसमध्ये दुई करोड ९८ लाखले एन्टी रेट्रोभाइरल थेरापीको प्रयोग गरिरहेका छन् । यो सेवाबाट छुट्नेमा छ लाख ६० हजार बालबालिका रहेका छन् ।

सन् २०१० मा एन्टी-रेट्रोभाइरल उपचारको संख्या ७७ लाख रहेकोमा अहिले चार गुणाले वृद्धि भएको छ । यसबाहेक, एचआईभी सङ्क्रमित ८२ प्रतिशत गर्भवती र स्तनपान गराउने महिलाहरूले सन् २०२२ मा एन्टी-रेट्रोभाइरल उपचारको पहुँच पाएका थिए । यो संख्या सन् २०१० मा ४६ प्रतिशत थियो ।

गत वर्ष करिब १३ लाख मानिस एचआइभी सङ्क्रमित भएका थिए, जुन सन् १९९५ को तुलनामा ५९ प्रतिशतले कम हो । यसैबीच एड्ससँग सम्बन्धित रोगका कारण छ लाख ३० हजार मानिसको मृत्यु भएको र मोजाम्बिकलगायतका देशमा यो अझै पनि 'मृत्युको एक नम्बर कारण' रहेको ब्यानिमाले बताउनुभयो ।

सन् २००४ को तुलनामा एड्सका कारण हुने मृत्युको संख्या मा ६९ प्रतिशतले कमी आएको प्रतिवेदनमा उल्लेख छ । "एड्सको अन्त्य एउटा अवसर हो," ब्यानिमाले भन्नुभयो । "आजको विश्व नेतृत्वलाई 'संसारको सबैभन्दा घातक महामारीलाई रोक्नेहरूका रूपमा सम्झने अवसर प्रदान गर्न यसको नियनत्रणमा उनीहरूले खेल्ने भूमिका रहने छ ।"

सन् २०२२ मा एचआइभीका लागि दिइने अनुदान २०.८ अर्ब डलरमा झरेको छ, जुन सन् २०१३ को जस्तै हो र सन् २०२५ सम्ममा आवश्यक पर्ने २९.३ अर्ब डलरभन्दा निकै कम हो ।

"मुख्य जनसंख्या वा उनीहरूको व्यवहारबाट मानिसहरूलाई अपराधीकरण गर्ने कानूनहरू धेरै राष्ट्रहरूमा लागू छन्," लागुऔषध इन्जेक्टरहरूको अपराधीकरण र कलङ्कले उनीहरूलाई उपचारको लागि अगाडि आउनबाट रोक्छ भन्ने उदाहरण दिँदै यूएनएड्सले भनेको छ ।

सन् २०२२ मा १५ देखि ४९ वर्ष उमेर समूहका वयस्कको तुलनामा पुरुषसँग यौन सम्बन्ध राख्ने पुरूष एचआईभीको सङ्क्रमण ११ गुणा बढी देखिएको थियो भने यौनकर्मीहरूमा चार गुणा बढी लागूपदार्थको सुई लगाउने मानिसमा सात गुणा बढी र ट्रान्सजेन्डर व्यक्तिहरूमा १४ गुणा बढी छ ।

# भारतीय मानवरहित चन्द्रयान-३ प्रक्षेपण



**एएफपी**

श्रीहरिकोटा । भारतले चन्द्रमाको सतहमा मानवरहित अन्तरिक्षयानअवतरणगर्नेप्रयासलाई निरन्तरता दिँदै चन्द्रयान-३ प्रक्षेपण गरेको छ । दक्षिणी राज्य आन्ध्र प्रदेशको श्रीहरिकोटाबाट चन्द्रयान-३ (रकेट) अन्तरिक्ष यान लिएर उडेको हो ।

विश्वको सबैभन्दा धेरै जनसंख्या भएको यो राष्ट्रसँग 'कट-प्राइस एयर 'स्पेस' कार्यक्रम छ जुन विश्वव्यापी अन्तरिक्ष शक्तिहरूले अन्तरिक्षमा पुग्न पाएको सफलतापछि द्रूत गतिमा बन्द गरेका छन् ।यसअघि रूस, संयुक्त राज्य अमेरिका र चीनले मात्र चन्द्रमाको सतहमा नियन्त्रित अवतरण गरेका थिए।

चन्द्रमामा यान प्रक्षेपण गर्ने भारतको अन्तिम प्रयास ग्राउन्ड कन्ट्रोलले रकेट अवतरण गर्नुभन्दा केही क्षणअघि सम्पर्क गुमाएपछि चार वर्षअघि असफल भएको थियो ।

यदि भारतीय अन्तरिक्ष यानको बाँकी भाग योजना अनुसार अघि बढ्यो भने चन्द्रयान-३ अगस्ट २३ देखि २४ को बीचमा चन्द्रमाको सानो खोजी गरिएको दक्षिणी ध्रुवनजिकै सुरक्षित रूपमा अवतरण हुनेछ ।

यसैबीच फ्रान्स भ्रमणमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीट गर्दै यो मिसनले ' हाम्रो राष्ट्रको आशा र सपना' बोकेको बताउनुभएको छ ।

भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (आइएसआरओ) द्वारा बनाइएको चन्द्रयान-३ अन्तरिक्ष यानमा विक्रम नामको ल्यान्डर र ज्ञानको लागि संस्कृत शब्द प्रज्ञान नामको रोभर समावेश गरिएको छ ।

अभियानले सफलता पाएमा चन्द्रमाको दक्षिणी सतहलाई छोएपछि रोभरले विक्रमलाई रोल गर्नेछ र नजिकैको क्षेत्र अन्वेषण गर्नेछ र यसको विश्लेषणको लागि पृथ्वीमा छविहरू फिर्ता पठाउनका सङ्कलन गर्नेछ ।

रोभर एक चन्द्र दिन वा पृथ्वीको १४ दिनको अभियानका लागि काम गर्न सक्षम रहने भारतीय अन्तरिक्षविद्ले बताएका छन् ।

# लेबनान र इजरायलको सीमामा द्वन्द्व चर्किने संयुक्त राष्ट्रसङ्घको चेतावनी

**सिन्ह्वा**

बेरूत । लेबनानस्थित संयुक्त राष्ट्रसङ्घीय अन्तरिम बल (युनिफिल) ले लेबनान-इजरायल सीमामा तनाव तीव्र रूपमा बढ्न सक्ने चेतावनी दिएको छ । युनिफिल सञ्चार कार्यालयका उपनिर्देशक क्यान्डिस अर्डेलले भन्नुभयो, "पछिल्ला दिनहरूमा सीमामा देखिएको तनावले घटनाहरू चाँडै विकसित हुन सक्ने सङ्केत गरेको छ ।"

संयुक्त राष्ट्रसङ्घका अधिकारीले इजरायल र लेबनानलाई तनाव बढाउने गतिविधिबाट जोगिन आग्रह गरेका छन् । लेबनानको दक्षिणी सीमावर्ती शहर यारिनको बाहिरी इलाकामा एक 'वाच टावर' स्थापना गरिरहेका हिजबुल्लाहका सदस्यमाथि इजरायली ड्रोनले बुधबार आक्रमण गर्दा तीन जना घाइते भएको लेबनानको एलनाशरा समाचार संस्थाले जनाएको छ ।

त्यसको जवाफमा हिजबुल्लाहले ड्रोन खसालेको समाचारमा उल्लेख छ । संयुक्त राष्ट्रसङ्घका शान्ति सैनिकहरूले सीमाको स्थितिको निगरानी जारी राखेकाले युनिफिलले इजरायल र लेबनान दुवै देशका अधिकारीहरूसँग सम्पर्क गरेको अर्डेलले पुष्टि गर्नुभयो ।

# थाइल्याण्डको संसदमा अर्को हप्ता प्रधानमन्त्रीको लागि पुन : मतदान हुने

**एएफपी**

बैंकक । थाइल्याण्डको संसदले अर्को हप्ता नयाँ प्रधानमन्त्रीको लागि पुनः मतदान गर्ने पुष्टि शुक्रबार गरेको छ । पिताको मुभ फरवार्ड पार्टी (एमएफपी) ले मे महिनामा भएको चुनावमा सबैभन्दा बढी सिट जितेको र यसबाट नौ वर्षको सेना समर्थित शासनपछि प्रगतिशील सुधारका लागि आतुर थाई युवाहरू उत्साहित भएका थिए ।

हार्वर्ड विश्वविद्यालयमा अध्ययन गरेका पिताको अर्को सरकारको नेतृत्व गर्ने सुधारवादी अभियानलाई बिहीबार विधायिकाका सेनाद्वारा नियुक्त सिनेटरहरूले विफल पारेका थिए । यसले राज्यको कडा शाही मानहानी कानूनमा सुधार गर्ने उहाँको प्रतिज्ञालाई खतराको सङ्केत देखाएको छ । राज्यको सर्वोच्च निर्वाचन निकायले संवैधानिक अदालतले पितालाई सांसद पदबाट निलम्बन गर्न सिफारिस गरेको एक दिनपछि नै मतदान भएको हो ।

थाइल्याण्डको संसदले जुलाई १९ मा नयाँ प्रधानमन्त्री चयनका लागि दोस्रो मतदान गर्ने भएको उपसभामुख



पिचेत चुआमुआङफानले एएफपीसँग बताउनुभयो । मतदान कहिले हुने भन्ने प्रसङ्गमा पिचेटले स्थानीय सञ्चारमाध्यममा आएको समाचारलाई पुष्टि गर्दै भन्नुभयो, "नयाँ प्रधानमन्त्रीका लागि मतदान छिट्टै हुनेछ किनकी कार्यतालिका उस्तै छ । कुनै फेरबदल भएको छैन ।"

एमएफपीको गठबन्धन साझेदार फेउ थाईका सांसद समेत रहेका पिचेट चाउमुआङफाङले पितालाई पुनः मनोनीत गर्ने वा अर्को निर्वाचनमा थप उम्मेदवारको सामना गर्ने भन्ने स्पष्ट नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले अहिले पनि पहिले यसबारे कुरा गर्नुपर्छ । "अहिलेका लागि, यसले जनताबाट राय र प्रतिक्रिया सङ्कलन गरिरहेको छ ।"

पिताले आफू आगामी सरकारको नेतृत् का लागि उम्मेदवार रहेको र समग्रमा ३२४ मत मात्र प्राप्त गरे पनि हार नमान्ने बताउँदै आउनुभएको छ । केवल १३ सिनेटरहरूले सुधारवादी उम्मेदवारको पक्षमा मतदान गर र धेरैले देशको कडा शाही मानहानी कानूनमा सुधार गर्ने एमएफपीको प्लेटफर्मको विरोध गरे । 'शक्तिको दुरुपयोग'

सन् २०१४ मा भएको 'कू' बाट सत्तामा आउनुभएका प्रयुत चान-ओ-चाको नेतृत्वमा सेनासमर्थित करिब एक दशक लामो शासनलाई मतदाताले ठाडै अस्वीकार गरेका थिए । तर तल्लो सदनका कन्जरभेटिभ सांसदहरू र जुन्टाद्वारा नियुक्त सिनेटर हरूले उहाँलाई आफ्नो समर्थन नदिने सङ्केतका साथ परिणाम झन्-झन् अत्याज्य भएको थियो । एमएफपीको सुधारवादी एजेन्डाप्रति देशको शक्तिशाली अनुदारवादी संस्थापन पक्षबाट आपत्ति आएको छ ।

व्यापारिक एकाधिकारलाई चलाउने पार्टीको योजना पनि पुरानै नेतृत्वसँग अलोकप्रिय छ । निर्वाचन आयोगले बुधबार पितालाई चुनाव प्रचारसम्बन्धी नियम उल्लङ्घन गरेको आरोपमा संसदबाट निलम्बित गर्न सिफारिस गरेको थियो । थाइल्याण्डको कानुनअनुसार प्रतिबन्धित एक मिडिया कम्पनीमा पिताको शेयर स्वामित्वबारे छानबिन भएपछि यो सिफारिस गरिएको हो ।

सन् २००७ देखि उक्त स्टेसनले प्रसारण गरेको छैन र पिताले उक्त शेयर आफ्नो पिताबाट विरासतका रूपमा पाएको बताउनुभएको छ ।

पिताको एमएफपी एक मात्र पार्टी थियो जसले शाही मानहानी कानूनको काँटेदार मुद्दाको सामना गर्न अभियान चलायो र त्यसले पनि प्रधानमन्त्री चयनलाई समस्यामा पारेको छ ।

संवैधानिक अदालतले उक्त प्रतिज्ञा संवैधानिक राजतन्त्रलाई 'अपदस्थ' गर्ने प्रयास गरेको आरोप लगाउँदै दायर गरिएको मुद्दालाई स्वीकार गरेको छ । पार्टीलाई आफ्नो प्रतिरक्षा प्रस्तुत गर्न दुई हप्ताको समय दिइएको छ ।

# बजेटअनुसार मौद्रिक नीति आए आर्थिक वृद्धिको लक्ष्य प्राप्त हुन्छ : अध्यक्ष अग्रवाल

मुलुकको अर्थतन्त्रमा अझै पनि सुधार हुन सकेको छैन । राजस्व सङ्कलन कम हुँदा सरकारी खाता घाटामा गएको अवस्था छ । सरकारले भने अर्थतन्त्रको यो अवस्था सुधारका लागि बजेटले बाटो समातेको र मौद्रिक नीतिबाट त्यसलाई थप अगाडि बढाउने दाबी गर्दै आएको छ । चालु आर्थिक वर्षको मौद्रिक नीतिमा कर्जा वृद्धिदर घटाइएको, विभिन्न उपकरणमार्फत कर्जा प्रवाहलाई रोक्ने नीति लिइएको, आयात रोक्ने नीति लिइएकाले आर्थिक गतिविधि चलायमान हुन नसकेको र आर्थिक वृद्धिदर कम भएको निजी क्षेत्रको टिप्पणी छ । बैंकिङ प्रणालीमा पर्याप्त तरलता हुँदा पनि कर्जा प्रवाह हुन नसकेको अवस्था छ भने व्यावसायीहरू पनि कर्जा लिन इच्छुक देखिएका छैनन् । यसैबीच सरकारले अर्थतन्त्र सुधारको लक्ष्यसहित ल्याएको वार्षिक बजेट संसदका दुवै सदनबाट पारित भइ कार्यान्वयनको बाटो खुलेको छ । अब धेरैको पर्खाइ नेपाल राष्ट्र बैंकले ल्याउने मौद्रिक नीतिमा केन्द्रित देखिन्छ । मौद्रिक नीतिले लिने नीतिअनुसार अब कसरी अगाडि बढ्ने भन्नेमा व्यवसायीहरू छन् । नेपालको अर्थतन्त्र, बजेट, लगानीका सम्भावनाहरू र मौद्रिक नीतिसँग सम्बन्धित रहेर नेपाल उद्योग परिसङ्घका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवालसँग गरिएको कुराकानीको सम्पादित अंश :

- हाम्रो अर्थतन्त्र अझै पनि सहज अवस्थामा छैन ।
- अहिले पनि सरकारी खाता करिब रु एक खर्बले घाटामा छ ।
- निष्क्रिय कर्जा बढिरहेका बेलामा थप कर्जा बिस्तार गरेर निष्क्रिय कर्जा बढाउन नखोजेको देखिन्छ ।
- हामीले मौद्रिक नीति पर्ख र हेरको अवस्थामा बसेको पनि त्यही कारणले हो ।
- मौद्रिक नीतिमा काउन्टर साइकिलिकल बफर लागू गर्ने विषय, स्थानीय तहका खातामा रहेको रकम निक्षेपमा ६० प्रतिशतसम्म विषय हेर्न खाजिएको छ ।
- सरकारले पनि यस अभियानको अपनत्व ग्रहण गरिसकेको छ भने उद्योग मन्त्रालयसंग पनि कार्यान्वयनका लागि समन्वय भइरहेको छ ।
- पछिल्लो समय निजी क्षेत्रलाई पटक-पटक प्रयास भइरहेको छ ।



सरकारले बोलेका नीतिहरू पूर्णरूपमा लागू गर्ने हो भने सम्भव नहुने भन्ने छैन । तर त्यसका लागि अन्य पक्ष महत्वपूर्ण हुन्छन् । त्यसका लागि सोही अनुसारको लगानी आवश्यक पर्छ । कर्जाको वृद्धिदर न्यूनतम १२ देखि १५ प्रतिशतसम्म हुन जरुरी छ । चालु आवमा कर्जा वृद्धिदर चार प्रतिशत हुँदा आर्थिक वृद्धिदर दुई प्रतिशतको हाराहारीमा छ । यसहिसाबले पनि कम्तीमा १२ प्रतिशत वृद्धिदरको लक्ष्य आवश्यक छ ।

**प्र. एक वर्षअघि मात्रै नेपालको अर्थतन्त्र श्रीलंकाको बाटोमा जाँदैछ भनेर निकै टिकाटिप्पणी गरिएको थियो । शुक्रबारका दिनमा अर्थतन्त्रका केही सूचकहरू सकारात्मक देखिएका छन् । यद्यपि आर्थिक सङ्कटको समाधान अझै समाधान भएको छैन भनिादै आइएको छ । तपाईंको विश्लेषणमा अहिलेको अर्थतन्त्र कुन अवस्थामा छ ?**

-हाम्रो अर्थतन्त्र अझै पनि सहज अवस्थामा छैन । एक वर्ष अघि रेमिट्यान्स कम भएकाले विदेशी मुद्रा सञ्चितिमा चाप परेको थियो भने अहिले रेमिट्यान्स बढेकाले पनि विदेशी मुद्रा सञ्चिति राम्रो अवस्थामा छ । समग्रमा हेर्दा बाह्यरूपमा हामी सहज अवस्थामा भए पनि आन्तरिक रूपमा समस्या हटिसकेको छैन । एक वर्ष अगाडि  आयातमा रोक लगाउँदाको असर यतिबेला राजस्व सङ्कलनमा देखिएको छ । आयात कम भएपछि माग पनि घट्यो । राजस्व कम हुँदा पुँजीगत खर्च गर्न सक्ने अवस्था छैन । सङ्कलन भएको राजस्वले चालु खर्च मात्रै धान्न सक्ने अवस्था छ । अहिले पनि सरकारी खाता करिब रु एक खर्बले घाटामा छ । तत्कालीन समयमा मुद्रास्फीति कम गर्नका लागि नेपाल राष्ट्र बैंकले कडाइ गर्ने नीति लिएको थियो । कोरोनापछि दियएका सुविधा पनि फिर्ता लिइयो । केन्द्रीय बैंकले ब्याजदर बढाउने, रिफाइनान्सिङको सुविधा हटाउने खालको नीति लियो । घरजग्गाको कारोबारलगायतका धेरै क्षेत्रमा एकैपटक कडाइका नीति लिइयो । जसले गर्दा अर्थतन्त्रमा समस्या देखिएको हो । शुक्रबारका दिनमा पनि बजारमा माग बढ्न सकेको छैन भने ब्याज पनि अझै घट्न नसकेको अवस्था छ । बाह्य क्षेत्रमा सहज अवस्था भए आन्तरिक रूपमा सहज अवस्थामा अझै पनि पुग्न सकेका छैनौं ।

**प्र. बैंकिङ प्रणालीमा पर्याप्त तरलताको अवस्था छ । सिडी रेसियो (कर्जा निक्षेप अनुपात) ८२ प्रतिशतभन्दा तल झरिसकेको छ । अन्तरबैंक ब्याजदर एक प्रतिशतभन्दा पनि कम छ । कर्जाको वृद्धिदर चार प्रतिशत पनि पुग्न सकेको छैन । यस्तो अवस्थामा कर्जा प्रवाह किन नभएको हो ? के व्यवसायीले मौद्रिक नीति नै कुरेर बसेको हो ?**

-कोरोना महामारीको समयमा बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि नेपाल राष्ट्र बैंकले आव २०७८/७९ मा निजी क्षेत्रतर्फ जाने कर्जा बिस्तार १९ प्रतिशत हुने लक्ष्य लिएको थियो । तर चालु आर्थिक वर्षको मौद्रिक नीतिमा राष्ट्र बैंकले नै १२ दशमलव छ प्रतिशतको कर्जा बिस्तारको लक्ष्य लियो । यद्यपि अन्य उपकरणहरूबाट भने कर्जा प्रवाहलाई चारदेखि पाँच प्रतिशतमै रोक्ने नीति लिएको देखिन्छ । जसका कारणले हालसम्म चार प्रतिशत पनि कर्जाको वृद्धिदर भएको छैन । चालु आवको मौद्रिक नीतिमा घरजग्गामा लोन टु भ्यालु रेसियो कम गरियो, शेयर कर्जामा वेटेड रिस्क बढाइयो र चालु कर्जा मार्गदर्शनलगायतका नीतिले कर्जाको वृद्धिदर चार प्रतिशतकै हाराहारीमा सीमित होस् भन्ने नै चाहेको देखिन्छ । कर्जा बिस्तार अत्यन्तै कमजोर हुनुको नतिजा अहिलो कुल ग्राहस्थ उत्पादनमा देखिएको छ । पछिल्लो तीन त्रैमासमा नकारात्मक भइसकेको छ । जसले गर्दा चालु आवमा दुई प्रतिशतको मात्रै वृद्धिदर हुने अपेक्षा गर्न सकिन्छ । गत वर्ष वार्षिक बजेटले लिएको लक्ष्यलाई सहयोग गर्ने गरी राष्ट्र बैंकको मौद्रिक नीति नआएकाले अहिले समस्या देखिएको हो । अर्को विषय तरलता अधिक हुनुको अर्थ बैंकहरू पनि कर्जा प्रवाहमा रुचि देखाएका छैनन् । निष्क्रिय कर्जा बढिरहेका बेलामा थप कर्जा बिस्तार गरेर निष्क्रिय कर्जा बढाउन नखोजेको देखिन्छ । साथै मौद्रिक नीतिमा काउन्टर साइकिलिकल बफर लागू गर्ने विषय, स्थानीय तहका खातामा रहेको रकम निक्षेपमा ६० प्रतिशतसम्म विषय हेर्न खाजिएको छ । साथै एनपीए बढ्दै जाँदा क्यापिटल एड्युकेसीका कारण पनि अहिले कर्जा प्रवाह हुन नसक्दा अधिक तरलताको अवस्था देखिएको हो । एनपीए बढ्दा प्रोभिजनिङ पनि बढाउनुपर्ने हुने भएकाले सबैले मौद्रिक नीति कुरेको हुनसक्छ । साथै व्यापारीले पनि माग नै नभएको अवस्थामा थप कर्जा लिएर काम गर्न नचाहेको अवस्था छ ।

**प्र. यहाँहरूले नै आगामी आर्थिक वर्षको पुँजीगत खर्च घटाइएको भन्दै टिप्पणी गर्नुभयो । यद्यपि बजेटमा परिसंघले दिएका धेरै सुझाव सम्बोधन गरेको पनि बताउनुभयो । सरकारले आगामी आवमा बजेटमार्फत ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएको छ । पुाजीगत खर्च नै हुन नसकेको अहिलेको अवस्थामा त्यो कत्तिको सम्भव देख्नुहुन्छ ?**

-सरकारले बोलेका नीतिहरू पूर्णरूपमा लागू गर्ने हो भने सम्भव नहुने भन्ने छैन । तर त्यसका लागि अन्य पक्ष महत्वपूर्ण हुन्छन् । त्यसका लागि सोही अनुसारको लगानी आवश्यक पर्छ । कर्जाको वृद्धिदर न्यूनतम १२ देखि १५ प्रतिशतसम्म हुन जरुरी छ । चालु आवमा कर्जा वृद्धिदर चार प्रतिशत हुँदा आर्थिक वृद्धिदर दुई प्रतिशतको हाराहारीमा छ । यसहिसाबले पनि कम्तीमा १२ प्रतिशत वृद्धिदरको लक्ष्य आवश्यक छ । बजेटले छ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य र मुद्रास्फीति छ दशमलव पाँच प्रतिशतको सीमामा राख्ने भनिसकेको अवस्थामा सोही अनुसार नेपाल राष्ट्र बैंकले मौद्रिक नीति ल्यायो भने आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न गाह्रो पर्दैन । हामीले मौद्रिक नीति पर्ख र हेरको अवस्थामा बसेको पनि त्यही कारणले हो । सरकारले बजेटमार्फत लिएका लक्ष्य प्राप्तिका लागि अनुकुल हुने गरी मौद्रिक नीति ल्याउँछ वा ल्याउँदैन भन्ने विषय महत्वपूर्ण हो ।

**प्र. मौद्रिक नीतिमा यहाँहरूको अपेक्षा के छ ?**

-पहिलो विषय मौद्रिक नीतिले कर्जावृद्धिदरको लक्ष्य कम्तीमा १२ प्रतिशतको लिनुपर्छ भन्ने हो । नेपाल राष्ट्र बैंकका अनुसार जेठ महिनामा मुद्रास्फीति सीमाभित्रै आइसकेको छ । भारतमा पनि मुद्रास्फीति ६ प्रतिशतभन्दा कम भइसकेको छ । अब मुद्रास्फीति घट्दो क्रममा रहेकाले राष्ट्र बैंकले चालु आवमा लिएका नीति राख्नु पर्दैन बरु आगामी आवमा खुकुलो बनाउनुपर्छ भन्ने हाम्रो माग हो । घरजग्गा, शेयर बजारलाई नियन्त्रण गर्नुअघि पनि त्यसको फाइदा मूल्यांकन गर्नु जरुरी हुन्छ । कर्जा बिस्तार बढाउँदा अनुत्पादक क्षेत्रमा जान्छ कि भन्ने चिन्ता हो भने बैंकहरूलाई निर्देशन दिएर काम गर्न सकिन्छ । घरजग्गा कारोबारमा 'लोन टु भ्यालु' रेसियो घटाइएको र कित्ताकाट पनि रोकिएको अवस्था छ भने शेयर कर्जाको हकमा पनि वेटेड रिस्क एभरेज बढाइएको छ । अहिले सहकारीमा समस्या आउनुमा पनि एउटा कारण यो पनि हो । बजार चलायमान बनाउनका लागि पक्कै पनि घरजग्गा र शेयर बजारका लागि पनि केही हदसम्म खुकुलो नीति बनाउनुपर्छ ।

**प्र. चालु आवमा राजस्व सङ्कलन कम भइरहेको छ, जसकारण पुँजीगत खर्च हुन सकेको छैन । यस्तो अवस्थामा लगानीका लागि पुँजी कहाँबाट ल्याउने र लगानीका लागि के कस्ता क्षेत्र सम्भावना कस्ता छन् ?**

-सरकारसँग पुँजीगत खर्च गर्नसक्ने पैसा छैन भने पब्लिक प्राइभेट पार्टनरसिपमा जान सकिन्छ । निश्चित वर्षसम्म कम्पनीले सञ्चालन गर्ने र त्यसपछि सरकारका नाममा आउँछ । यसले विकासको काम पनि हुने, रोजगारी सिर्जना पनि हुन्छ । अर्थतन्त्र चलायमान हुन्छ । एउटा मात्रै आयोजना बनाउँदा त्यसले धेरै क्षेत्रमा फरक पार्छ । विकास गर्दा पनि पूर्वाधार निर्माण निकै महत्वपूर्ण हुन्छ । पूर्वाधार निर्माणले आन्तरिक उद्योग पनि चलायमान हुन्छन् । अहिले जलविद्युत्मा ठूलो लगानीको सम्भावना छ । केही आयोजनामा भारतीय लगानी आउनका लागि सम्झौता पनि भएको छ । सरकारले भारत सरकारसमक्ष आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् व्यापारका लागि सम्झौता पनि गरिसकेको छ । त्यसबाहेक विदेशी लगानी ल्याउनका लागि कुन क्षेत्रमा ल्याउने भन्नेमा अर्थ राख्छ । तर त्यसका लागि नीतिगत स्थिरता आवश्यक हुन्छ । नीति नै स्थिर भएन भने विदेशी लगानी आउँदैन । त्यसबाहेक ऐन नियम पनि पारदर्शी हुन जरुरी छ । समय सापेक्ष संशोधन हुनु जरुरी छ । निजी क्षेत्र त्रसित भएको अवस्थामा निजी क्षेत्रको मनोबल बढाउनु आवश्यक छ ।

**प्र. परिसङ्घले सुरू गरेका मेक इन नेपाल अभियान, स्किल नेपाल अभियान, स्टार्टअप फेस्टलगायतलाई कसरी प्रभावकारी रूपमा अगाडि बढाउनुहुन्छ र समग्रमा तपाईंको योजना के कस्तो छ ?**

-मेक इन नेपाल हाम्रो 'फ्ल्यागसिप' कार्यक्रम हो । यसलाई परिसंघले दीर्घकालसम्म सञ्चालन गर्ने गरी अघि बढाइएको हो । यसका लागि रिसर्च गरेर नौ वटा पिलर पहिचान गरी सुरुआत गरिएको हो । उद्योग स्थापनाको वातावरण कसरी बनाउने भन्ने हिसाबले पनि काम भइरहेको छ । आयात प्रतिस्थापनको लक्ष्यसँगै निर्यात प्रबर्द्धन गरौं र गुणस्तरीय उत्पादन गरौं भन्ने हिसाबले योजनाका साथ अगाडि बढाएका छौं । पछिल्लो तीन वर्षमा राम्रो काम भइरहेको छ । सरकारले पनि यस अभियानको अपनत्व ग्रहण गरिसकेको छ भने उद्योग मन्त्रालयसँग पनि कार्यान्वयनका लागि समन्वय भइरहेको छ । हाम्रा धेरै कानूनहरू ३० देखि ५० वर्षसम्म पुराना छन् । तत्कालीन समयमा नियन्त्रण गर्ने हिसाबले कानूनहरू निर्माण भएका थिए भने अब कानूनमै नियन्त्रणको साटो प्रोत्साहन गर्ने भन्ने राखौं भनिएको छ । यदि यसो गर्न सकियो भने यी कुनै पनि कार्यक्रम तथा अभियान कार्यान्वयनमा कुनै समस्या हुँदैन ।

**प्र. मन्दीमा रहेको अर्थतन्त्र उकास्नका लागि यहाँहरूले सरकार समक्ष 'रिबुटिङ नेप्लिज इकोनोमी' अवधारणा पेस गर्नुभयो । यसबाट के अपेक्षा गर्नुभएको छ ?**

-हामीले अघि सारेको रिबुटिङ नेप्लिज इकोनोमीमा भएको धेरै विषय नीतिसँग सम्बन्धित छन् । जस्तै विद्युत् उत्पादन, वितरण र नियमनका लागि नेपाल विद्यत् प्राधिकरणलाई टुक्राउनुपर्छ भन्ने हाम्रो माग हो । नियमन गर्ने, विद्युत् उत्पादन गर्ने र व्यापार गर्ने छुट्टाछुट्टै निकाय चाहिन्छ । यो धेरै पहिलेदेखि कुरा उठे पनि केही काम पनि भएको जस्तो लाग्छ । अहिले जलविद्युत् आयोजनाहरू पीपीए नभएको भन्दै बसेका छन् । अब बीटुबीमा पनि जान सकिन्छ । मेरो उद्योगमा विद्युत् आवश्यक भए सोझै पनि खरिद गर्न पाउनुपर्छ भन्ने हाम्रो माग हो । त्यसबाहेक नेपालमा आइटीको पनि ठूलो सम्भावना छ । यसमा पनि आउटसोर्सिङ गर्नका लागि काम गर्न सकिन्छ । अर्को पर्यटनको क्षेत्रमा पनि काम गर्न सकिन्छ । निजी क्षेत्रबाट पर्यटन क्षेत्रमा काम भइरहेको छ । अर्को कृषिलाई निर्वाहमुखीबाट निर्यात गर्न सक्ने गरी पनि काम गर्न सकिन्छ । उत्पादनमुलक उद्योगमा लगानी बढाउँदै निर्यात गर्ने गरी काम गर्नुपर्छ भन्ने लाग्छ ।

**प्र. मेक इन नेपाल अभियान कुन अवस्थामा छ ?**

-यस अभियानमा सरकारसँग सहकार्य भइरहेको छ । सचेतनाको अभियान पनि चलाइरहेका छौं । स्वदेशी उत्पादन प्रयोग गर्नका लागि अभियान नै चलाएका छौं । हालसम्म हामीसँग आबद्ध १०७ उद्योगका उत्पादनमा मेक इन नेपालको लोगो देख्न सकिनेछ । सदस्य बन्नका लागि पनि नियमन बनाएका छौं । काठमाडौंका साथै प्रदेशस्तरमा पनि यसको कार्यक्रम सञ्चालन गरिरहेका छौं । यसअघिको स्वदेशी समिटमा पनि केही सुझावहरू सरकारलाई दिइसकेका छौं ।

**प्र. नेपालबाट भारतमा सिमेन्ट निर्यात हुन थालेको छ । तर यो अहिले निकै कम छ । सुरूआती प्रतिक्रिया कस्तो पाउनुभएको र सम्भावना के छ ?**

-भारतमा सिमेन्ट निर्यातको यो पहिलो वर्ष हो । पहिलो वर्षको १० महिनामा ७० करोडभन्दा बढीको कारोबार भइसकेको छ । अहिले तीन वटा उद्योगले मात्रै सिमेन्टको सुरुआत गरेको अवस्था छ । तर सबै उद्योगले निर्यात सुरु गर्ने हो भने रु ६ खर्बको कारोबार गर्न सकिन्छ । फेरि हाम्रा लागि भारत नयाँ बजार हो । त्यहाँका प्रडक्टबीचको प्रतिष्पर्धा पनि गर्नुपर्छ । विदेशी बजार भएकाले उधारो पनि दिन सक्ने अवस्था छैन । अहिले सुरुआत राम्रो भएको अवस्थामा दीर्घकालमा मैले राम्रो सम्भावना देखेको छु ।

**प्र. ललिता निवास जग्गा हिनामिना प्रकरणमा व्यवसायी मीनबहादुर गुरुङ पक्राउ परेको विरोधमा निजी क्षेत्रका व्यवसायीहरू एकजुट हुनुभयो । विरोध गर्नैपर्ने अवस्था कसरी आयो ?**

-पछिल्लो समय निजी क्षेत्रलाई पटक-पटक प्रयास भइरहेको छ । हामीले उहाँको घटनामा मात्रै भनेको होइन । समग्रमा निजी क्षेत्रलाई आक्रमण भएको महसुस गरेका हौं । फेरि पक्राउ गरिहाल्नुपर्ने अवस्था पनि होइन । कसैको पनि साधारण रिसिइबीमा पनि जाहेरी दिने र पक्राउ गर्ने काम भइरहेको छ । कानून कार्यान्वयनमा हाम्रो विमती छैन तर पक्राउ गरिहाल्नुपर्ने अवस्था छ वा छैन हेरिनुपर्छ भन्ने हो । सरकारले आफ्नो काम गरोस् त्यसमा हाम्रो कुनै पनि विरोध छैन । तर यति ठूलो लगानी गरेर बसेको मान्छे भागिहाल्छ भन्ने हुँदैन, यसप्रकारका घटनामा बैंकबाट लिएको ऋण पनि समस्यामा पर्न सक्छ । थुनामै राखेर अनुसन्धान गर्नुपर्छ भन्ने छैन मात्रै भनेको हो । रासस

# कानुन व्यवसायीलाई क्षमता अभिवृद्धि तालिम

**टुडे समाचारदाता**

जनकपुरधाम। नवोदित कानुन व्यवसायीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले शुक्रवार देखि तीन दिने तालिम शुरु भएको छ। नेपाल कानुन व्यवसायी परिषद् मधेश प्रदेशद्वारा आयोजित तीन दिने तालिममा तीन दर्जनभन्दा अधिक नवोदित कानुन व्यवसायीको सहभागिता रहेको छ।

सो अवसरमा उच्च अदालत जनकपुरका कामु मुख्य न्यायाधीश भोजराज अधिकारीले कानुन व्यवसायीले लिखत असाध्यै ध्यानपूर्वक गर्नु पर्ने खाँचौं औंल्याएका छन् । लिखत तथ्यपरक, खुलस्त हुनु जरुरी रहको भन्दै उनले ज्ञान र विषयको संयोजन भएमा न्यायका मार्गलाई सही गन्तव्यमा पुऱ्याउनमा सहायक सिद्ध हुन सक्ने धारणा राखे।

न्यायाधीश अधिकारीले लामो बहस भन्दा पनि मिसिलमा आधारित बुँदागत बहस पीडितलाई न्याय दिलाउनमा प्रभावकारी हुने गरेको प्रसंग उल्लेख गरे।

वरिष्ठ अधिवक्ता एवम् पाषैद श्यामकुमार मिश्रले परिषद्ले नवोदित कानुन व्यवसायीको आत्मवल, विश्वास, ज्ञान अभिवृद्धिका साथै व्यवसायलाई सुनिश्चित गर्न तालिमको आयोजना गरिएको जानकारी दिए। नवादित कानुन व्यवसायीमा बहस सन्दर्भमा हुने गरेको समस्याको निरुपण,



कानुनी व्यवस्था बारे दक्षताको खाँचौंलाई ध्यानमा राख्दै परिषद्ले तालिमको आयोजना गरेको स्पष्ट गरे।

वरिष्ठ अधिवक्ता विनोदकुमार शर्माले नवोदित व्यवसायीलाई सैद्धान्तिकका साथ व्यवहारिक शिक्षाको अपरिहार्यतालाई दृष्टिगत गरी क्षमता अभिवृद्धि तालिम समय सापैक्ष भएको चर्चा गरे।

बार एसोसिएशन जनकपुरका अध्यक्ष बलराम सुवेदीले नवोदितले लरतरो किसिमले व्यवसाय गर्ने मानसिकतालाई त्याग गर्दै कानुनमा विश्वास राखी समाज, जनता र राष्ट्रका लागि पेशाप्रति प्रतिबद्ध हुनु आवश्यक भएको बताए। बार एसोसिएशन महोत्तरीका दीपक विश्वकर्माले पैशागत चुनौतीलाई हटाउनमा तालिमले सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे।

तालिममा वरिष्ठ अधिवक्ता चन्दनकुमार मैनालीले मुलकी देवानीसंहिता, फौजदारी सहिंता, अधिवक्ता रामनेक साहले देवानी मस्यौदा सम्बन्धी, वरिष्ठ अधिवक्ता देवेन्द्र ठाकुर निरालाले देवानी मुद्दामा हक म्याद र क्षेत्रधिकार र वरिष्ठ अधिवक्ता किशोरी साहले लेनदेन र अंश वण्डा विषयमा कानुनी जानकारी दिने बताइएको छ।

त्यस्तै, वरिष्ठ अधिवक्ता लक्ष्मण सिंहले फौजदारी मुद्दा मस्यौदा सम्बन्धी, अधिवक्ता सुदीप कोइरालाले फौजदारी मुद्दामा कानुनी व्यवस्था तथा बहस प्रस्तुतीकरण बारे र अधिवक्ता विपिन कुमार झाले फौजदारी मुद्दा बहस गर्ने कला सम्बन्धी जानकारी अदानप्रदान गर्ने तालिका रहेको छ।

त्यस्तै,अधिवक्ता अनिल कुमार सादाले फौजदारी मुद्दा हक दाबी, हद म्याद र क्षेत्राधिकार सम्बन्धी, अधिवक्ता विमलकुमार मिश्रले कानुन व्यवसायीको आचारसंहिता सम्बन्धी जानकारी र अधिवक्ता हेम बहादुर कार्कीले वर्तमान ज्यान सम्बन्धी कसूरमा भएको विशेष व्यवस्था सम्बन्धी जानकारी दिनेछन्।

अधिवक्ता विजय प्रताप सिंहले नेपालको संविधान,वरिष्ठ अधिवक्ता चन्द्र कुमार शर्मा मैनालीले रिट र वरिष्ठ अधिवक्ता श्याम कुमार मिश्रले कुटपिट अंगभंग, ज्यान मार्ने उद्योग सम्बन्धमा विश्लेषनात्मक प्रशिक्षण दिने बताइएको छ।

# सलाम सीता कमरेड

ब्लग :



**श्यामसुन्दर शशि**

साढे ५ वर्षको अन्तरालमा पुत्र प्रकाश र पत्नी सीता दाहाललाई गुमाएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भावुकता आर्यघाटमा छता छुल्ल भयो। छोरीहरु रेणु र गंगा तथा बुहारीहरु सृजना तिवारी र विना मगरसंगै नातिनातिनाहरुलाई सान्त्वना दिदै भनेका थिए - 'म छु नि।' घनघोर जनयुद्धका कथा नायक वा भनौ सर्वोच्च कमाण्डर प्रचण्ड त्यतिवेला पुष्प अर्थात् फूल झै कोमल देखिएका थिए। भावुक देखिएका थिए। मुटु भित्र उठेको दुःखको वेगवान ज्वार भाटालाई घुटुक्क पिउँदै निलकण्ठ महादेव जस्तै धीर गम्भीर देखिए। साँचै यो क्षण भावुक थियो। सबैलाई रुन बाध्य बनायो। यता सीता दाहालको सम्झनामा कवि अर्जुन पराजुलीले लेखेको कविता पनि त्यतिकै भावुक थियो। स-साना १२ पंक्तिमा लेखिएको यो कविता सीता दाहालको व्यक्तित्वलाई अक्षरशःचरितार्थ गरेको छ।

नेपालका केही प्रधानमन्त्री र मन्त्रीहरुका पत्नीले देश चलाएको हल्ला नयाँ होइन। केही मन्त्री र प्रधानमन्त्रीको पत्नी सरकार बनाउन र भत्काउनसम्मको काम गर्ने लियाकतका छन्। मन्त्री बनाउने, टिकट दिलाउने अनि कमिशनको रकम सोहर्ने काम पनि नगरेका होइनन्। तर जनयुद्ध सुरु (वि.स. २०५२) भए यताका झण्डै तीन दशक मुलुककै सर्वाधिक प्रभावशाली व्यक्ति प्रचण्डकी पत्नी सीता दाहालमा यस्तो महत्वकांक्षा कहिल्यै पनि देखिएन। १५ वर्ष की छँदा २०२६ वैशाख २६ गते पुष्पकमल दाहालसंग विवाह बन्धनमा बांधिएकी सीता गृहिणीको रुपमा घर परिवार चलाउनु भयो। १० वर्षे जनयुद्धमा प्रचण्डसंग कांधमाकांधमिलाई जनयुद्ध लडनु भयो तर उहाँमा प्रचण्डकी पत्नी भएको दम्भ भने कहिल्यै देखिएन। त्यसैले त कवि अर्जुन पराजुलीले लेखेका छन् -

प्रचण्ड र सीताबीच ५४ वर्ष २ महिनाको सहयात्रा रह्यो। २०७६ साल वैशाख २६ गते उनीहरुले पञ्चेबाजा बजाएर विवाहको ५० औं वर्षगाठ मनाएका थिए। दाहालका चार सन्तान मध्ये जेठा छोरा प्रकाशको हृदयघातबाट तथा जेठी छोरी ज्ञानु दाहालको क्यान्सरबाट मृत्यु भइसकेको छ। रेणु दाहाल भन्ने चितवनका मेयर हुन्।

जेठा छोरा प्रकाश दाहालको अल्पायुमै मृत्यु भएपछि सीतामा मानसिक समस्या पनि सुरु भयो। पुत्रशोकले विह्वल सीता फेरी उठ्न सकिनन्। साढे पाँच वर्ष ओछ्यानमै विताइन। प्रचण्ड उनलाई उपचारको लागि भारत,सिंगापुर,थाइल्यान्डदेखि अमेरिकासम्म लग्नु भयो। मनोवैज्ञानिक उपचारको लागि तातो पानी कुण्डमा स्नान पनि गराउनु भयो तर उनी बाँच्न सकिनन्।

सामान्य पढेलेखेकी सीता जनयुद्ध कालमा पहिलो पुस्ताका नेताहरुका लागि दिदी,बहिनी र भाउजु थिइन भने दोश्रो पुस्ताका नेताकार्यकर्ताहरुका लागि आमा थिइन। पार्टी भित्रको आन्तरिक विवाद मिलाउन खप्पिस थिइन। माओवादी जनयुद्धकालीन इतिहासमा २०६१ सालमा रोल्पाको फुन्टिवाङ बैठकमा सीताले खेलेको भूमिको चर्चा पाइन्छ। उक्त बैठक सुरु हुनु भन्दा अघि सीता दाहाल बिरामी भएर भारतमा उपचार गराउँदै थिइन। बैठकमा प्रचण्ड र डा.बाबुराम भट्टराईबीचको विवाद उत्कर्षमा पुग्यो। पार्टी विभाजनको अवस्था सृजना भयो। घटना बारे जानकारी पाउने वितिकै सीता नेपाल फर्किइन। प्रचण्ड र बाबुरामलाई संगै राखेर भनिन- 'माओवादीले गर्दा संसार पनि हल्लिएको छ तर तपाइहरु झिनामसिना कुरामा अड्किएको जस्तो लाग्यो मलाइ। बाबुरामजीको पनि गल्ती त अनि तपाइ(प्रचण्ड)ले पनि थोरै कमजोरी गर्नु भएको छ।'



चुनवाङ बैठकमा पनि सीतादाहालले बाबुराम र प्रचण्ड दुबैलाई हकारेका थिए -' यत्रो जनताको रगत बगिसकेको छ। तपाईहरुको के हो यस्तो ताल? यस्तो गर्न पाउनुहुन्न। यस्तै गर्ने हो भने त तपाईहरुलाई जनता र विदेशी मित्रहरुले पनि छाड्दैनन।'

आज प्रचण्डसंग प्रधानमन्त्रीको कुर्सी त छ तर सुख दुखका साथी सीता दाहाल छैनन्। पुत्र प्रकाश पनि छैन तर प्रधानमन्त्री प्रचण्ड 'वालुवाटारमा बसेर पनि बालुवाटार नचलाउने सीता दाहाललाई स्मरण गरेर गर्वको अनुभूति गरिरहनु भएको होला। सलाम सीता कमरेड।

# संरक्षणका लागि अन्तरक्रिया



**रञ्जन यादव**

कलैया । बढ्दो भ्रष्टाचार न्यूनीकरण र मानव अधिकारको संरक्षणमा हाम्रो भूमिका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम बारा जितपुरमा सम्पन्न भएको छ।

शुक्रबार मानव अधिकार एलाइन्स जिल्ला कार्य समिति बाराको आयोजनमा बढ्दो भ्रष्टाचार न्यूनीकरण र मानव अधिकारको संरक्षणमा हाम्रो भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नेकपा एमालेका पोलिट व्यूरो सदस्य एवं पूर्व मन्त्री पुरुषोत्तम पौडेलले जिल्लामा नीतिगत भ्रष्टाचार बढ्दै गएको र स्थानीय तहसम्म भ्रष्टाचार संस्थागत बन्दै गएको प्रति चिन्ता व्यक्त गरेका छन्।

# ४ करोड बढी रकम ठगी गर्ने गौतम फरार

**सिकेन्द्र पासवान**

बारा । बाराको निजगढ नगरपालिका -९ का मनिला गौतम ( निलु ) ले सहकारी संस्था र व्यक्तिको गरी करौडौ रुपैया ठगी गरेर फरार भएकी छन्।

सहकारी संस्थाको माध्यमबाट विभिन्न समयमा सेयर सदस्यको रुपमा ऋण लिइ सोको साबा व्याज नतिरी सम्पर्कविहीन भएको जनाइएको छ।

हिमचुली साना किसान कृषि सहकारी संस्था, समाधान बचत तथा ऋण सहकारी संस्था, अन्नपुर्ण बहुउदेश्यी सहकारी संस्थालगायत १६ वटा संस्थाबाट ४७ लाख ५० हजार र ३२ जना विभिन्न व्यक्तिहरुबाट ४ करोड ६ लाख ६५ हजार गरी जम्मा ४ करोड ५४ लाख १५ हजार ठगी गरी गौतम फरार भएकी निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजमार्गी निरौलाले जानकारी दिए।



संस्था र व्यक्तिहरुले गौतमको विरोधमा ठगी गरेको उजुरी न्यायायिक समितिमा दर्ता गराएकोमा यस कार्यालयबाट सत्यतथ्य बुझ्दा गौतमले सो रुपैया ठगी गरी हाल फरार रहेकी भनेर प्रमाणित पत्र जिल्ला प्रहरी कार्यालयको नाममा जानकारी गराएको प्रमुख प्रशासकीय अधिकृत निरौलाले भने। पटक पटक ती महिलालाई बोलाउनका लागि फोन गर्दासमेत फोन नलागेपछि प्रहरीलाई जानकारी गराएको नगरपालिकाको कार्यालयले जनाएको छ। असार २६ गते संस्था र व्यक्तिहरुले अलग अलग मनिलाको नाममा ठगी गरेको उजुरी दिदा सो उजुरीमा छानबिन गर्दै जाँदा उनी ०७९ फागुन २५ गते यूएइ गएको जानकारी आएको हुँदा उनी माथि कारबाही प्रक्रिया अगाडि बढाउन प्रहरीको नाममा नगरपालिकाले पत्राचार गरेको छ।

सरकारले मिटर व्याजीहरुको समस्या समाधान गर्नका लागि आयोगमार्फत देश भरिका जिल्ला प्रशासन कार्यालयहरुमा उजुरी लिइ समस्या समाधान गर्ने गरेको भए पनि त्यसता ठगीका मुद्दाहरुलाई पनि प्राथमिकतामा राखेर समाधान गर्नुपर्ने पीडित कल्पना खरेलको कथन छ।

सारो गाह्रो हुँदा दुःख पर्दा सहकारीमा जम्मा गरेको पैसा एक मुष्ट निकालेर कुनै प्रगतिका काम गर्ने सपना बोकेर रकम जम्मा गर्दै गरेका थिए। तर ती आइमाइले यसरी म लगायत थुप्रै जनाको पैसा लिएर फरार हुँदा मेरो सपना अधुरो रहन गएको हो अर्का पीडित नारायण शर्माको दुखेसो रहेको छ।

यसैबीच पीडितहरु न्याय माग्दै शुक्रबार जिल्ला प्रहरी बारामा मनिलामाथि उजुरी दिएका छन्। उजुरी माथि छानबिन गरी दोषी देखिएकी ठगी मुद्धा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाउने प्रहरी उपरीक्षक होमिन्द्र बोगटीले बताए।

# कविता प्रतियोगिता




**टुडे समाचारदाता**

मलंगवा । २१० औं भानु जयन्तीका अवसरमा शुक्रबार सर्लाही सदरमुकाम मलङ्गवामा खुल्ला बहुभाषिक कविता वाचन प्रतियोगिता सम्पन्न भएको छ।

नेपाल मिथिला प्रज्ञा प्रतिष्ठान मलङ्गवासँग समन्वय गरी मलङ्गवा नगरपालिकाले पहिलो पटक भानु जयन्ती मनाउँदै खुल्ला कविता वाचन प्रतियोगिता गरेको छ। प्रतियोगितामा चन्द्रशेखर प्रसाद रस्तोगी पहिलो, सिंहेश्वर सिंह दोस्रो र सन्तोष कर्ण तेस्रो भएका छन्।

पहिलो, दोस्रो र तेस्रो हुने स्रष्टालाई क्रमश : दस हजार, सात हजार र पाँच हजार नगद तथा प्रमाण पत्र प्रदान गरी सम्मान गरिएको नगरपालिकाले जनाएको छ। प्रतियोगितामा २२ जना स्रष्टाले सहभागिता जनाएका थिए। त्यसबाहेक प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमसहित अन्य सर्जकले समेत कविता वाचन गरेर सुनाए।

स्थानीय स्रष्टालाई पोत्साहन गरी बहुभाषिक प्रतिभा, भाषा र सँस्कृतिको संरक्षण गर्ने उद्देश्यले कविता वाचन प्रतियोगिता आयोजना गरिएको प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए। नगरप्रमुख नागेन्द्र प्रसाद यादवको अध्यक्षता तथा मधेश प्रदेशसभाका सदस्य कौशलकिशोर रायको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रमको संयोजन शिक्षा शाखाका प्रमुख प्रमोद मण्डल तथा सञ्चालन सूचना अधिकारी राजकुमार अधिकारीले गरेका थिए।

कविता वाचन प्रतियोगिताको निर्णायकमा डिल्लीरमण भट्टराई, सन्जय सुदामा र गणेशकुमार लाल रहेका छन्।

# हत्यामा आशंका लागेकी चन्दा पक्राउ

ओम प्रकाश यादव

गरुडा । रौतहटमा धारिलो हतियार प्रयोग गरी एक पुरूषको हत्या भएको छ।

बिहीवार राति जिल्लाको देवाही गोनाही नगरपालिका-६ कर्कच कर्मैयाका ब्रह्मदेव साह कानुको छोरा ३५ वर्षीय जगरनाथ साह कानुको धारिलो हतियार प्रयोग गरी विभत्स हत्या गरिएको प्रहरीले जनाएको छ।



राति घरमा सुतिरहेका बेला अज्ञात व्यक्तिले साहको घाँटीमा धारिलो हतियार प्रयोग गरेर हत्या गरेको प्रहरीले कथन छ।

घाँटीमा धारिलो हतियार प्रयोग गरेर हत्या गरिएको अवस्थामा कानुको शव शुक्रबार बिहान आफनै घरमा फेला परेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ। जगरनाथ साहको हत्या कसले र किन गऱ्यो भन्ने बारे अझै खुलिनसकेको र घटना बारे तालिम प्राप्त कुकुरलाईसमेत प्रयोग गरी गम्भीर रुपमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख एवं प्रहरी नायव उपरीक्षक ओम प्रकाश खनालले जानकारी दिए।

शवको प्रादेशिक अस्पताल गौरमा पोष्टमार्टम गरिएको र पोष्टमार्टमाको रिपोर्ट आएपछि मात्र घटनाको वास्तविकता पता लाग्ने प्रहरी नायव उपरीक्षक खनालले बताए। यसैबीच, जगरनाथ साह कानुको हत्यामा संलग्न रहेको आशंकामा उनकै पत्नी चन्दा देवी पक्राउ परेकी छन्।

श्रीमानको हत्यामा संलग्न रहेको आशंका लागेकोले अनुसन्धानका लागि उनको श्रीमती चन्दा देवीलाई पक्राउ गरिएको र उनलाई इलाका प्रहरी कार्यालय गरुडामा राखेर ब्यान लिने काम भइरहेको डिएसपी खनालले बताए।

# पानीको वहाव बढ्दै

**टुडे समाचारदाता**

राजविराज । सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेज पुलबाट एक ट्रक नदीमा खसेको छ। पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको मे.१ ख. १७६५ नम्बरको यात्रुबाहक बसलाई साइट दिने क्रममा अचानक अनियन्त्रित भइ मे.१ ख. ३००७ नम्बरको ट्रक सप्तकोशी नदीमा खसेको छ।

प्रहरीका अनुसार शुक्रबार बिहान ७:३० बजेतिर बस र ट्रक एकआपसमा ठोकिएर सो दुर्घटना भएको छ।

तीव्र गतिका कारण साइट दिने क्रममा दुबै सवारीसाधन एकआपसमा ठोकिएको र अनियन्त्रित भइ कोशी ब्यारेजको १० नं. ढोकाको रेलिङ भत्काउँदै ट्रक नदीमा खसेको प्रत्यक्षदर्शीहरुले बताएका छन्।

चालकसहित ट्रकमा सवार तीन जनाको डोरीको सहायताले सकुशल उद्दार गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले अहिले पानीको बहाव उच्च भएकाले डुबेको ट्रक



देख्न नसकिएको तथा खोजतलास भइरहेको जानकारी दिए।

घटनास्थलमा सप्तरी र सुनसरीका प्रहरी पुगेर ट्रकको खोजीकार्य तथा घटना बारे अनुसन्धान गरिरहेको उनको कथन छ। ता दुई दिनदेखि जारि वर्षासँगै सप्तकोशी नदीमा पानीको वहाव बढ्न सुरु भएको छ। शुक्रबार दिउँसो सप्तकोशी नदीमा पानीको वहाव १ लाख ६७ हजार २ सय ८५ क्विसेक प्रतिसेकेन्ड रेकर्ड भएको छ।

पानीको वहाव बढेपछि कोशी ब्यारेजका ५६ मध्ये अहिले ११ वटा ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ।


## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं**. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८